# ईसाई धर्मको वास्तविकता

[ नेपाली - Nepali - نيبالي ]

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# حقيقة الديانة النصرانية

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

IslamHouse.com

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

सर्वाधिकार लेखकमा सुरक्षित छ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो। र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन। र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुन्। तसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन्।

प्रस्तुत पुस्तकमा मैले ईसाई धर्म (क्रिश्चयानिटी) को बारेमा केही वर्णन गर्ने आँट गरेको छु। वर्तमान कालमा केही समयदेखि ईसाईधर्म हाम्रो देश नेपालमा आफ्नो धर्मको प्रचारमा केही तीव्रता देखाएको छ यसैकारण यस धर्मको बारेमा यस धर्मबाट अनभिज्ञ व्यक्तिहरूलाई सत्य कुराबाट र यस धर्मको वास्तविकताबाट परिचय गराउने उद्देश्यले प्रमाणसहीत यसधर्मको वास्तविकता तपाईहरू समक्ष प्रस्तुत गर्ने प्रयास गरेको छु। साथै मेरो समस्त प्रयास यस कुरामा केन्द्रित हुन्छ कि म यस शीर्षकसित संलग्न समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्न सकूँ। मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु।

र मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई

अवैधानिक कार्यबाट पवित्र गर्नेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**

**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

## परिचय

ईसाई धर्म क्रिश्च्यानिटी वास्तवमा यहूदी धर्म झैं आकास्मिक धर्म थियो, र ईसाई वा नस्रानी हजरत ईसा अलैहिस्सलामका अनुयायीहरूलाई भनिन्छ जुनकि अल्लाहका सत्यनिष्ठ भक्त र प्रियतम् सन्देष्टा थिए । र उहाँको जन्म नै चमत्कारी थियो किनकि उहाँ बिना पित हजरत मरियमको कोखबाट जन्मेका थिए, र उहाँको यो पनि चमत्कार नै थियो कि उनी जन्मे बित्तिकै कुरा गर्नथालेका थिए । जस्तोकि कुरआन यस घट्नालाई यसरी वर्णन गरेको छ :

﴿ وَإِذْ قَالَتِ ٱلْمَلَٰٓئِكَةُ يَٰمَرْيَمُ إِنَّ ٱللَّهَ ٱصْطَفَىٰكِ وَطَهَّرَكِ وَٱصْطَفَىٰكِ
عَلَىٰ نِسَآءِ ٱلْعَٰلَمِينَ ﴿٤٢﴾ يَٰمَرْيَمُ ٱقْنُتِى لِرَبِّكِ وَٱسْجُدِى وَٱرْكَعِى مَعَ
ٱلرَّٰكِعِينَ ﴿٤٣﴾ ذَٰلِكَ مِنْ أَنۢبَآءِ ٱلْغَيْبِ نُوحِيهِ إِلَيْكَ ۚ وَمَا كُنتَ لَدَيْهِمْ إِذْ
يُلْقُونَ أَقْلَٰمَهُمْ أَيُّهُمْ يَكْفُلُ مَرْيَمَ وَمَا كُنتَ لَدَيْهِمْ إِذْ يَخْتَصِمُونَ
﴿٤٤﴾ إِذْ قَالَتِ ٱلْمَلَٰٓئِكَةُ يَٰمَرْيَمُ إِنَّ ٱللَّهَ يُبَشِّرُكِ بِكَلِمَةٍ مِّنْهُ ٱسْمُهُ ٱلْمَسِيحُ
عِيسَى ٱبْنُ مَرْيَمَ وَجِيهًا فِى ٱلدُّنْيَا وَٱلْءَاخِرَةِ وَمِنَ ٱلْمُقَرَّبِينَ ﴿٤٥﴾ وَيُكَلِّمُ ٱلنَّاسَ
فِى ٱلْمَهْدِ وَكَهْلًا وَمِنَ ٱلصَّٰلِحِينَ ﴿٤٦﴾ قَالَتْ رَبِّ أَنَّىٰ يَكُونُ لِى وَلَدٌ وَلَمْ
يَمْسَسْنِى بَشَرٌ ۖ قَالَ كَذَٰلِكِ ٱللَّهُ يَخْلُقُ مَا يَشَآءُ ۚ إِذَا قَضَىٰٓ أَمْرًا فَإِنَّمَا يَقُولُ لَهُۥ كُن
فَيَكُونُ ﴿٤٧﴾ وَيُعَلِّمُهُ ٱلْكِتَٰبَ وَٱلْحِكْمَةَ وَٱلتَّوْرَىٰةَ وَٱلْإِنجِيلَ ﴿٤٨﴾ ﴾ آل
عمران: ٤٢ - ٤٨

अर्थ : र जब दूतहरूले (मरियमसित) भने कि मरियम अल्लाहले तिमीलाई रोजेको छ र पवित्र बनाएको छ र संसारका सबै नारीहरू मध्येबाट तिमीलाई रोजेको छ । हे मरियम ! तिमीले आफ्नो प्रतिपालकको आदेश पालन गर्नु र सज्दा गर्नु र रुकूअ् गर्नेहरू सँग

रुकूअ् गर । यी कुराहरू अदृश्यमा भएका समाचारहरू मध्येका हुन्, जसलाई हामीले तिम्रो छेउमा वह्‌य (कुरआनका आयात)को माध्यमबाट पठाउँछौं र तिमी उनीहरूबीच थिएनौ जब तिनीहरूले आफ्ना कलमहरू हालिराखेका थिए कि मरियमलाई कसले पाल्नेछ ? र त्यस बेला पनि तिनीहरूबीच थिएनौ, जब कि तिनीहरू आपसमा झगडा गरिराखेका थिए । जब फरिश्ताहरूले भने कि मरियम ! अल्लाहले तिमीलाई आफ्नो एउटा शब्दद्वारा (पुत्रको) शुभ समाचार दिन्छ, जसको नाम मसीह (प्रख्यात) ईसा बिन मरियम हुनेछ । संसार र आखिरतमा मर्यादित र मेरो विशिष्टहरूमध्ये एउटा हुनेछ । उसले आमाको काँखमा हुर्केको अवस्थामा र ठूलो भएपछि दुवै अवस्थाहरूमा मानिसहरूसित कुरा गर्नेछ र ऊ सदाचारी- हरूमध्येबाट हुनेछ । मरियमले भनिन् हे पालनहारः मलाई पुत्र प्राप्ति कसरी हुन्छ जब कि कुनै मनुष्यले मलाई स्पर्शसम्म पनि गरेको छैन । फरिश्ताले भने कि, अल्लाहले यस्तै जे चाहन्छ पैदा गर्दछ । जब त्यसले कुनै काम गर्न चाहन्छ त त्यसको हुकुम गर्दछ कि भइहाल, अनि त्यो भइहाल्छ । अल्लाहले उसलाई लेख्न (पढ्न) र बुद्धि प्रदान गर्नेछ र तौरात र इञ्जील सिकाउने छ । ( सूरतु आले इम्रान ४२-४८ )

﴿ وَٱذۡكُرۡ فِي ٱلۡكِتَٰبِ مَرۡيَمَ إِذِ ٱنتَبَذَتۡ مِنۡ أَهۡلِهَا مَكَانٗا شَرۡقِيّٗا ١٦
فَٱتَّخَذَتۡ مِن دُونِهِمۡ حِجَابٗا فَأَرۡسَلۡنَآ إِلَيۡهَا رُوحَنَا فَتَمَثَّلَ لَهَا بَشَرٗا سَوِيّٗا
١٧ قَالَتۡ إِنِّيٓ أَعُوذُ بِٱلرَّحۡمَٰنِ مِنكَ إِن كُنتَ تَقِيّٗا ١٨ قَالَ إِنَّمَآ أَنَا۠ رَسُولُ
رَبِّكِ لِأَهَبَ لَكِ غُلَٰمٗا زَكِيّٗا ١٩ قَالَتۡ أَنَّىٰ يَكُونُ لِي غُلَٰمٞ وَلَمۡ
يَمۡسَسۡنِي بَشَرٞ وَلَمۡ أَكُ بَغِيّٗا ٢٠ قَالَ كَذَٰلِكِ قَالَ رَبُّكِ هُوَ عَلَيَّ هَيِّنٞۖ
وَلِنَجۡعَلَهُۥٓ ءَايَةٗ لِّلنَّاسِ وَرَحۡمَةٗ مِّنَّاۚ وَكَانَ أَمۡرٗا مَّقۡضِيّٗا ٢١ ۞
فَحَمَلَتۡهُ فَٱنتَبَذَتۡ بِهِۦ مَكَانٗا قَصِيّٗا ٢٢ فَأَجَآءَهَا ٱلۡمَخَاضُ إِلَىٰ جِذۡعِ

ٱلنَّخۡلَةِ قَالَتۡ يَٰلَيۡتَنِي مِتُّ قَبۡلَ هَٰذَا وَكُنتُ نَسۡيٗا مَّنسِيّٗا ﴿٢٣﴾ فَنَادَىٰهَا مِن
تَحۡتِهَآ أَلَّا تَحۡزَنِي قَدۡ جَعَلَ رَبُّكِ تَحۡتَكِ سَرِيّٗا ﴿٢٤﴾ وَهُزِّيٓ إِلَيۡكِ بِجِذۡعِ ٱلنَّخۡلَةِ
تُسَٰقِطۡ عَلَيۡكِ رُطَبٗا جَنِيّٗا ﴿٢٥﴾ فَكُلِي وَٱشۡرَبِي وَقَرِّي عَيۡنٗاۖ فَإِمَّا تَرَيِنَّ مِنَ
ٱلۡبَشَرِ أَحَدٗا فَقُولِيٓ إِنِّي نَذَرۡتُ لِلرَّحۡمَٰنِ صَوۡمٗا فَلَنۡ أُكَلِّمَ ٱلۡيَوۡمَ إِنسِيّٗا
﴿٢٦﴾ فَأَتَتۡ بِهِۦ قَوۡمَهَا تَحۡمِلُهُۥۖ قَالُواْ يَٰمَرۡيَمُ لَقَدۡ جِئۡتِ شَيۡـٔٗا فَرِيّٗا ﴿٢٧﴾
يَٰٓأُخۡتَ هَٰرُونَ مَا كَانَ أَبُوكِ ٱمۡرَأَ سَوۡءٖ وَمَا كَانَتۡ أُمُّكِ بَغِيّٗا ﴿٢٨﴾ فَأَشَارَتۡ
إِلَيۡهِۖ قَالُواْ كَيۡفَ نُكَلِّمُ مَن كَانَ فِي ٱلۡمَهۡدِ صَبِيّٗا ﴿٢٩﴾ قَالَ إِنِّي عَبۡدُ ٱللَّهِ
ءَاتَىٰنِيَ ٱلۡكِتَٰبَ وَجَعَلَنِي نَبِيّٗا ﴿٣٠﴾ وَجَعَلَنِي مُبَارَكًا أَيۡنَ مَا كُنتُ وَأَوۡصَٰنِي
بِٱلصَّلَوٰةِ وَٱلزَّكَوٰةِ مَا دُمۡتُ حَيّٗا ﴿٣١﴾ وَبَرَّۢا بِوَٰلِدَتِي وَلَمۡ يَجۡعَلۡنِي جَبَّارٗا
شَقِيّٗا ﴿٣٢﴾ وَٱلسَّلَٰمُ عَلَيَّ يَوۡمَ وُلِدتُّ وَيَوۡمَ أَمُوتُ وَيَوۡمَ أُبۡعَثُ حَيّٗا ﴿٣٣﴾
ذَٰلِكَ عِيسَى ٱبۡنُ مَرۡيَمَۖ قَوۡلَ ٱلۡحَقِّ ٱلَّذِي فِيهِ يَمۡتَرُونَ ﴿٣٤﴾ مَا كَانَ لِلَّهِ أَن
يَتَّخِذَ مِن وَلَدٖۖ سُبۡحَٰنَهُۥٓۚ إِذَا قَضَىٰٓ أَمۡرٗا فَإِنَّمَا يَقُولُ لَهُۥ كُن فَيَكُونُ ﴿٣٥﴾ وَإِنَّ ٱللَّهَ
رَبِّي وَرَبُّكُمۡ فَٱعۡبُدُوهُۚ هَٰذَا صِرَٰطٞ مُّسۡتَقِيمٞ ﴿٣٦﴾ مريم: ١٦ - ٣٦

अर्थ : यस किताबमा मरियमको कथा पनि वर्णन गर, जब कि तिनी आफ्नो परिवारबाट अलग्गिएर पूर्वतिर लागिन् । र तिनीहरूबाट अदृश्य हुन एउटा आवरण (पर्दा) हालिन्, त्यस बेला हामीले तिनको समीपमा आफ्नो रूह (जिब्राईल) लाई पठायौं अनि उनी तिनको अगाडि पूर्णरूपमा मानिस बनी प्रकट भए । (मरियमले) भनिन् कि यदि तिमी आत्मसंयमी हौ भने म तिमीबाट रहमानको शरण चाहन्छु ।

उनले भने कि म तिम्रो पालनकर्ताबाट पठाइएको (स्वर्गदूत) हूँ, तिमीलाई एउटा पवित्र पुत्र दिन आएको हूँ। भन्न थालिन कि मबाट पुत्र कसरी जन्मन सक्छ ? मलाई त अहिलेसम्म कुनै मानिसले स्पर्श गरेको छैन र म चरित्रहिन पनि होइन। उनले भने कि कुरा त यही नै हो तर तिम्रो पालनकर्ताको आदेश छ कि यो मेरो लागि सजिलो छ। र हामीले त यसलाई मानिसहरूको निम्ति एउटा निशानी बनाउने छौं र आफ्नो विशेष वरदान, र यो त एउटा निश्चित कुरो हो। अनि तिनी गर्भवती भइहालिन् र यस कारण एउटा टाढा ठाउँतिर लागिन्। त्यसपछि प्रसवपीडाले तिनलाई एउटा खजूरको हाँगामुनि ल्यायो। भन्न थालिन् कि काश म यसभन्दा अगाडि नै मरी सकेको भए र मानिसको सम्झना र विस्मृत भइहालेको भए राम्रो हुने थियो। त्यतिखेर मुनिबाट फरिश्ताले (स्वर्गदूत) तिनलाई आवाज दियो कि चिन्तित न होऊ। तिम्रो पालनकर्ताले तिम्रो खुट्टा मुनिबाट एउटा पानीको मूल बगाइदिएको छ। र त्यस खजूरको हाँगोलाई आफूतिर हल्लाऊ, यसले तिम्रो अगाडि खजूरको ताजा फल खसालिदिन्छ। अब निश्चिन्त भई खाऊ, पिऊ र आँखालाई शीतल पार (अर्थात नव-जात शिशुलाई आफ्ना आँखाले हेरेर सन्तुष्टि प्राप्त गर)। यदि कुनै मानिस देखिन्छ भने, भनिदिनु कि मैले अल्लाह, अत्यन्त दयालुको नाममा व्रतको भाकल गरेको छु। तसर्थ म आज कोहीसित बोल्दिन। अब तिनी हजरत "ईसा" (अलैहिस्सलाम) लाई लिई आफ्नो समुदायतिर आईन्। तिनीहरूले भन्न थाले मरियम यो त तिमीले साह्रै नराम्रो काम गरिस्। हे हारूनकी बहिनी न त तिम्रो बाबु नराम्रो थियो न त तिम्री आमा नै चरित्रहिन थिइन्। त्यसपछि मरियमले आफ्नो बालकतिर संकेत गरिन्। तिनीहरूले भने कि लौ हामीले काँखको बच्चासँग कसरी कुरा गर्न सक्तछौं ? बच्चाले तुरुन्त बोल्यो कि म अल्लाहको सेवक हूँ, उसले मलाई ग्रन्थ प्रदान गरेको छ र मलाई आफ्नो संदेष्टा बनाएको छ। र म जहाँ छु (र जुन अवस्थामा छु) उसले मलाई वरदान प्राप्त बनाएको छ र जबसम्म म जीवित छु मलाई नमाज र दान (जकात) को आदेश गरेको छ। र उसले मलाई आफ्नो आमाको सेवा गर्नेवाला बनाएको छ र मलाई अटेरी र अभागा बनाएको होइन। र जुन दिन मैले जन्म लिए

र जुन दिन म मर्ने छु, र जुन दिन जीवित भई उठाइने छु, ममाथि शान्ति नै शान्ति छ । यो हो वास्तविक कथा घटना ईसा पुत्र मरियम ( अलैहिस्सलाम ) को यही नै त्यो साँचो कुरो हो जसमाथि मानिसहरूले शंका उपशंका गर्दछन् । अल्लाहको गौरवलाई यो सुहाउँदैन कि उसको आफ्नो सन्तान होस् । ऊ त एकदम पवित्र छ । जब कुनै कुराको इच्छा गर्दछ, तब त्यसलाई यति मात्र भन्दछ कि भइहाल, अनि त्यो भइहाल्छ । अल्लाह नै मेरो र तिमी सबैको पालनकर्ता हो, तसर्थ तिमीहरू उसैको पूजा गर । यही नै सोझो मार्ग हो । ( सूरतु मरयम १६-३६ )

र ईसा अलैहिस्सलामलाई मूसा अलैहिस्सलाम पश्चात बनी इस्राईल अर्थात यअ्कूबको सन्तततिर्फ सन्देष्टा बनाएर पठाइयो, जब बनी इस्राईल अर्थात यहूदीहरूले आफ्नो उदण्डताको कारण तौरात जुनकि हजरत मूसालाई धर्मग्रन्थको रूपमा प्रदान गरिएको थियो त्यसलाई परिवर्तित गरेर आफ्नो इच्छा अनुसार धर्मनिर्देशन बनाई धर्मगुरुहरूलाई आफ्नो पूज्य ठहर गरे, र धर्मगुरुले भने अनुसार नै जीवन व्यतीत गर्नथाले, र तौरातका सत्य निर्देशनलाई पिठ्युँ पछाडि फाले, त अल्लाहले उनीहरूको निर्देशनको लागि हजरत ईसालाई पठायो जुनकि तौरातको प्रमाणीकरण गर्थे र उहाँ पश्चात एउटा आर्को सन्देष्टा आउनेवाला छ यसकुराको पनि शुभ समाचार सुनाउँथे जस्तोकि कुरआनमा वर्णन छ :

﴿ وَإِذۡ قَالَ عِيسَى ٱبۡنُ مَرۡيَمَ يَٰبَنِيٓ إِسۡرَٰٓءِيلَ إِنِّي رَسُولُ ٱللَّهِ إِلَيۡكُم مُّصَدِّقٗا لِّمَا بَيۡنَ يَدَيَّ مِنَ ٱلتَّوۡرَىٰةِ وَمُبَشِّرَۢا بِرَسُولٖ يَأۡتِي مِنۢ بَعۡدِي ٱسۡمُهُۥٓ أَحۡمَدُۖ فَلَمَّا جَآءَهُم بِٱلۡبَيِّنَٰتِ قَالُواْ هَٰذَا سِحۡرٞ مُّبِينٞ ٦ ﴾ الصف: ٦

अर्थ : र जब मरियमको छोरा ईसा (अलैहिस्सलाम)ले भनेः कि हे मेरो क़ौम । बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल हूँ । म भन्दा पहिलेको किताब तौरातको म प्रमाणिकरण गर्नेवाला छु र म पछि आउने एउटा संदेष्टा जसको नाम अहमद हुनेछ, उनको शुभागमनको शुभ-सन्देश सुनाउँछु । अनि जब

उनी तिनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए, तब तिनीहरूले भन्न थाले कि यो त स्पष्ट जादू हो । ( सूरतुस्सफ्फ ६ )

र यस क्रममा उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई अल्लाहले अनेकौं निशानी र चमत्कारहरू पनि प्रदान गऱ्यो जसरी उनी मृतकलाई अल्लाहको हुकुमले जीवित पारिदिन्थे, र जन्मजात रोगी र कुष्ठरोगीहरूलाई, र जन्मजात अन्धोलाई संचो पारिदिन्थे, जस्तोकि कुरआनमा यसको वर्णन अल्लाहले यस प्रकार गरेको छः

﴿ وَرَسُولًا إِلَىٰ بَنِيٓ إِسۡرَٰٓءِيلَ أَنِّي قَدۡ جِئۡتُكُم بِـَٔايَةٖ مِّن رَّبِّكُمۡ أَنِّيٓ أَخۡلُقُ
لَكُم مِّنَ ٱلطِّينِ كَهَيۡـَٔةِ ٱلطَّيۡرِ فَأَنفُخُ فِيهِ فَيَكُونُ طَيۡرَۢا بِإِذۡنِ ٱللَّهِۖ
وَأُبۡرِئُ ٱلۡأَكۡمَهَ وَٱلۡأَبۡرَصَ وَأُحۡيِ ٱلۡمَوۡتَىٰ بِإِذۡنِ ٱللَّهِۖ وَأُنَبِّئُكُم بِمَا
تَأۡكُلُونَ وَمَا تَدَّخِرُونَ فِي بُيُوتِكُمۡۚ إِنَّ فِي ذَٰلِكَ لَأٓيَةٗ لَّكُمۡ إِن كُنتُم مُّؤۡمِنِينَ
٤٩ وَمُصَدِّقٗا لِّمَا بَيۡنَ يَدَيَّ مِنَ ٱلتَّوۡرَىٰةِ وَلِأُحِلَّ لَكُم بَعۡضَ ٱلَّذِي
حُرِّمَ عَلَيۡكُمۡۚ وَجِئۡتُكُم بِـَٔايَةٖ مِّن رَّبِّكُمۡ فَٱتَّقُواْ ٱللَّهَ وَأَطِيعُونِ ٥٠
إِنَّ ٱللَّهَ رَبِّي وَرَبُّكُمۡ فَٱعۡبُدُوهُۚ هَٰذَا صِرَٰطٞ مُّسۡتَقِيمٞ ٥١ ۞ فَلَمَّآ أَحَسَّ
عِيسَىٰ مِنۡهُمُ ٱلۡكُفۡرَ قَالَ مَنۡ أَنصَارِيٓ إِلَى ٱللَّهِۖ قَالَ ٱلۡحَوَارِيُّونَ نَحۡنُ
أَنصَارُ ٱللَّهِ ءَامَنَّا بِٱللَّهِ وَٱشۡهَدۡ بِأَنَّا مُسۡلِمُونَ ٥٢ رَبَّنَآ ءَامَنَّا بِمَآ
أَنزَلۡتَ وَٱتَّبَعۡنَا ٱلرَّسُولَ فَٱكۡتُبۡنَا مَعَ ٱلشَّٰهِدِينَ ٥٣ وَمَكَرُواْ
وَمَكَرَ ٱللَّهُۖ وَٱللَّهُ خَيۡرُ ٱلۡمَٰكِرِينَ ٥٤ إِذۡ قَالَ ٱللَّهُ يَٰعِيسَىٰٓ إِنِّي مُتَوَفِّيكَ
وَرَافِعُكَ إِلَيَّ وَمُطَهِّرُكَ مِنَ ٱلَّذِينَ كَفَرُواْ وَجَاعِلُ ٱلَّذِينَ ٱتَّبَعُوكَ فَوۡقَ

ٱلَّذِينَ كَفَرُوٓاْ إِلَىٰ يَوۡمِ ٱلۡقِيَٰمَةِۖ ثُمَّ إِلَيَّ مَرۡجِعُكُمۡ فَأَحۡكُمُ بَيۡنَكُمۡ

فِيمَا كُنتُمۡ فِيهِ تَخۡتَلِفُونَ ﴿٥٥﴾ آل عمران: ٤٩ - ٥٥

अर्थ : र ऊ बनी इस्राईलतिर पैगम्बर भएर जानेछ । (भन्नेछ) कि म तिमीहरू छेउ तिम्रो पालनहारको तर्फबाट निशानी लिएर आएको छु । त्यो के भने तिम्रो अगाडि माटोको पंक्षीको रूपका आकार बनाउँछु । फेरि त्यसमा फुक्छु त त्यो अल्लाहको आदेशले (साँच्चै) पंक्षी भईहाल्छ । र अल्लाहको आदेशले म जन्मै देखिको अन्धो र महारोगीलाई स्वस्थ्य पारिदिन्छु र मुर्दामा प्राण हालिदिन्छु र जे जति तिमी खान्छौ र जेजति आफ्ना घरहरूमा थुपारेर राखेका छौ, सबै तिमीलाई बताई दिन्छु। यदि तिमी ईमान ल्याएको भए यी कुराहरूमा तिम्रा निम्ति अल्लाहको सामर्थ्यको निशानी छ । र म त्यसलाई पुष्टि गर्दछु जुन मेरो अगाडि तौरात छ र यस कारणले पनि म आएको छु कि केही कुराहरू जुन कि तिम्रो निम्ति वर्जित थिए, तिनलाई ग्राह्य (हलाल) बनाई दिउँ र म त तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो लागि निशानी लिएर आएको छु । यसर्थ तिमी अल्लाहसित डर मान र मैले भनेको मान । कुनै सन्देह छैन कि अल्लाह नै मेरो र तिम्रो पालनहार हो, त्यसैले तिमी सबै उसैको उपासना गर । यही नै सत्य मार्ग हो । तर जब ईसा(अलै.)ले उनीहरूको अनास्था सूचक नियतको अनुभव गर्नुभयो त भन्न थाले कि अल्लाहको मार्गमा मेरो सहायता गर्ने को-को छन् ? हवारीहरूले जवाफ दिए कि हामी अल्लाहको मार्गको पक्षधर हौं । हामी अल्लाहमाथि आस्था राख्यौं र तपाई साक्षी हुनु कि हामी आदेश पालन गर्नेवाला हौं । हे हाम्रो पालनकर्ता पुजनीय ! हामीले तिमीले नाजिल गरेको किताबमाथि पूर्ण विश्वास गर्दछौं र तिम्रो पैगम्वरका अनुयायी बनिसकेका छौं । तसर्थ हामीलाई साक्षीदिनेहरूमा लेखिहाल । तिनीहरूले षडयन्त्रपूर्ण योजना बनाए, र अल्लाहले पनि त्यसबाट बचाउने योजना बनायो, र अल्लाह सबैभन्दा राम्रो योजनाकार हो । जब अल्लाहबाट आदेश भयो कि ईसा। मैले तिम्रो संसारमा रहने अवधि पूरा गरी तिमीलाई आफूतिर उठाउने र तिमीलाई काफिरहरूबाट पवित्र गर्नेछु । र, तिम्रो अनुशरण गर्नेहरूलाई काफिरहरू भन्दा शक्तिशाली बनाउने छु कयामतको दिन

सम्म अनि तिमी सबै म छेउ फर्केर आउनेछौ, त जुन कुरामा तिमीहरू विवाद गर्दथ्यौ, त्यस दिन त्यसको निर्णय मैले नै गर्नेछु । ( सूरतु आले इम्रान ४९-५५ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

﴿ إِذْ قَالَ ٱللَّهُ يَٰعِيسَى ٱبْنَ مَرْيَمَ ٱذْكُرْ نِعْمَتِى عَلَيْكَ وَعَلَىٰ وَٰلِدَتِكَ إِذْ أَيَّدتُّكَ بِرُوحِ ٱلْقُدُسِ تُكَلِّمُ ٱلنَّاسَ فِى ٱلْمَهْدِ وَكَهْلًا ۖ وَإِذْ عَلَّمْتُكَ ٱلْكِتَٰبَ وَٱلْحِكْمَةَ وَٱلتَّوْرَىٰةَ وَٱلْإِنجِيلَ ۖ وَإِذْ تَخْلُقُ مِنَ ٱلطِّينِ كَهَيْـَٔةِ ٱلطَّيْرِ بِإِذْنِى فَتَنفُخُ فِيهَا فَتَكُونُ طَيْرًۢا بِإِذْنِى ۖ وَتُبْرِئُ ٱلْأَكْمَهَ وَٱلْأَبْرَصَ بِإِذْنِى ۖ وَإِذْ تُخْرِجُ ٱلْمَوْتَىٰ بِإِذْنِى ۖ وَإِذْ كَفَفْتُ بَنِىٓ إِسْرَٰٓءِيلَ عَنكَ إِذْ جِئْتَهُم بِٱلْبَيِّنَٰتِ فَقَالَ ٱلَّذِينَ كَفَرُوا۟ مِنْهُمْ إِنْ هَٰذَآ إِلَّا سِحْرٌ مُّبِينٌ ﴿١١٠﴾ ﴾ المائدة: ١١٠

अर्थ : अल्लाहले भन्ने छ कि हे मरियम का पुत्र ईसा ( अलैहिस्सलाम) । मेरा ती कृपाहरू यादगर, जुन तिमी र तिम्री आमा माथि गरिएको हो । जब मैले पवित्र आत्मा (जिब्रील) द्वारा तिमीलाई मद्दत पुऱ्याएँ (जसबाट) तिमी (बाल्य अवस्थामा) आमाको गोदीबाटै र अधेड उमेरमा मानिसहरूसँग कुराकानी गर्थ्यौ र जब मैले तिमीलाई किताब र बुद्धिमत्ता र तौरात र इंजीलको तालिम दिएँ र जब तिमीले मेरो आदेशबाट माटोको चाराको रूप बनाई त्यसमा फुकेपछि जीवित चरा बन्दथ्यो । र, जब जन्मजात अन्धाहरू र कुष्टरोग सेता दाग भएका मानिसहरूलाई मेरो आदेशबाट निको पार्थ्यौ र जब तिमी मुर्दाहरूलाई मेरो आज्ञाले (चिहानहरूबाट) निकालेर उभ्याई हाल्दथ्यौ र जब मैले बनी इस्राईललाई तिमीमाथि अत्याचार गर्नबाट रोकिहालें, जब तिमी तिनीहरूछेउ तर्कहरू लिएर आएका थियौ फेरि तिनीहरूमध्ये जो

काफिर थिए, तिनीहरूले भन्न थाले कि यो त खुल्ला जादू बाहेक अरु केही होइन । ( सूरतुल् माइदः ११० )

तर यत्रो ठूला ठूला चमत्कार हेरे पनि यी उत्पाती र उदण्डी यहूदीहरूले उहाँमाथि विश्वास गरेनन्, र यिनीहरू थिए नै उत्पात र उदण्डतालाई मनपराउने मान्छेहरू । र यिनीहरूको उत्पातको वर्णन मैले आफ्नो लेख **“यहूदी धर्मको वास्तविकता”** नामक किताबमा विस्तारले गरेको छु, जसलाई यिनीबारे अधिक जानकारी चाहिन्छ त्यो उपरोक्तको किताबको अध्ययन गरोस् । अर्थात यिनीहरूले जसरी हजरत मूसा अलैहिस्सलामसित भनेका थिए कि हामी अल्लाहमाथि र तिमीमाथि तबसम्म विश्वास गर्दैनौ जबसम्म अल्लाहलाई प्रत्यक्ष आफ्नो आँखाले हेर्दैनौं, त यस्तै हजरत ईसा अलैहिस्सलामसित पनि भने कि जबसम्म हामीहरूमाथि स्वर्गबाट खाना अवतरित हुँदैन तबसम्म पूर्ण विश्वास गर्दैनौं, अनि हजरत ईसाले यसबापत अल्लाहसित प्रार्थना गरे त अल्लाहले यो चमत्कार पनि अवतरित गऱ्यो, त केहीले त विश्वास गरे तर अधिकांश अविश्वासी नै रहे । र अल्लाहले यस घटनालाई पवित्र कुरआनमा यसरी वर्णन गरेको छः

﴿ إِذْ قَالَ ٱلْحَوَارِيُّونَ يَٰعِيسَى ٱبْنَ مَرْيَمَ هَلْ يَسْتَطِيعُ رَبُّكَ أَن
يُنَزِّلَ عَلَيْنَا مَآئِدَةً مِّنَ ٱلسَّمَآءِ ۖ قَالَ ٱتَّقُوا۟ ٱللَّهَ إِن كُنتُم مُّؤْمِنِينَ ﴿١١٢﴾
قَالُوا۟ نُرِيدُ أَن نَّأْكُلَ مِنْهَا وَتَطْمَئِنَّ قُلُوبُنَا وَنَعْلَمَ أَن قَدْ صَدَقْتَنَا وَنَكُونَ
عَلَيْهَا مِنَ ٱلشَّٰهِدِينَ ﴿١١٣﴾ قَالَ عِيسَى ٱبْنُ مَرْيَمَ ٱللَّهُمَّ رَبَّنَآ أَنزِلْ عَلَيْنَا مَآئِدَةً
مِّنَ ٱلسَّمَآءِ تَكُونُ لَنَا عِيدًا لِّأَوَّلِنَا وَءَاخِرِنَا وَءَايَةً مِّنكَ ۖ وَٱرْزُقْنَا وَأَنتَ خَيْرُ
ٱلرَّٰزِقِينَ ﴿١١٤﴾ قَالَ ٱللَّهُ إِنِّى مُنَزِّلُهَا عَلَيْكُمْ ۖ فَمَن يَكْفُرْ بَعْدُ مِنكُمْ فَإِنِّىٓ أُعَذِّبُهُۥ
عَذَابًا لَّآ أُعَذِّبُهُۥٓ أَحَدًا مِّنَ ٱلْعَٰلَمِينَ ﴿١١٥﴾ ﴾ المائدة: ١١٢ - ١١٥

अर्थ : त्यो समय स्मरणयोग्य छ जब हवारीहरूले भनेः कि हे ईसा बिन मरियम ! के तपाईको रबले आकाशबाट हाम्रो लागि पकाएको विभिन्न प्रकारका भोजन पठाउन सक्छ ? उनले भने तिमीमा ईमान छ भने अल्लाहसित डर । तिनीहरूले भने कि हाम्रो यो इच्छा छ कि हामीले त्यसबाट खाऔं र हाम्रो मनको सन्तुष्टि प्राप्त गरौं र हाम्रो यो विश्वास बढोस् कि तपाई हामीसित साँचो भन्नु भएको छ र हामी साक्षी हुन सकौं । (अनि) ईसा बिन मरियमले प्रार्थना गरे कि हे मेरा पालनकर्ता ! हामीलाई आकाशबाट खाना प्रदान गर, जसले कि हाम्रो निम्ति र हाम्रा अघि र पछि (सबैका) लागि त्यो खुशीको कुरा भइहालोस् र तिम्रो तर्फबाट एउटा निशानी पनि होस् ! र हामीलाई जीविका प्रदान गर, तिमी सबभन्दा राम्रो आहार दाता हौ । अल्लाहले भन्यो, मैले अवश्य नै त्यो खाना तिमीलाई पठाउने छु तर यसपछि तिमीहरूमध्ये यदि, कसैले कुफ्रको कुरो गर्नेछ त्यसलाई मैले यस्तो सजाय दिनेछु जुन दुवै संसारमा बस्नेहरूमध्ये अरु कसैलाई दिने छैन । ( सूरतुल् माइदः ११२-११५ )

तत्पश्चात यी दुष्टहरूले हजरत ईसालाई वध गर्ने षडयन्त्र रचे, अनि जब हजरत ईसालाई यसको सुनगुन मिल्यो त उहाँले भनेः अल्लाहको मार्गमा को को मेरो सहायक हुनेछ ? त जति जना ईमान ल्याएका थिए जिनको संख्या त्यस समय लगभग १२ थियो तिनीहरूले भनेः मौसूफको सहायता हामी गर्नेछौं, अनि यी १२ मध्ये ९ जनालाई यहूदीहरूले हत्या गरेका थिए, र ईसा अलैहिस्सलाम पश्चात ती १२ मध्ये तीन जना मत्ता, मुरकुस, र बरनाबा मात्र जीवित बाँकी बचेका थिए । अर्थात जब हजरत ईसाका साथीहरू ज्यान दिनुको लागि तयार भए, र यहूदीहरूले हजरत ईसामाथि आक्रमण गरे तर एउटा हवारीलाई मारेर यो खबर फिजाए कि हामीले ईसाको हत्या गरिसकें, जबकि वास्तवमा उनीहरूले उहाँको हत्या गरेका थिएनन्, बरु उहाँलाई अल्लाहले जीवितै आकाशमा उठाइहालेको थियो । र हजरत ईसा अलैहिस्सलाम एक पटक फेरि यस संसारमा आउने छन् जब प्रलय नजिक काना दज्जालको उत्पातबाट पूर्ण जगत हैरान हुनेछ । तात्पर्य यो कि यहूदीहरूले हजरत ईसालाई पनि मार्ने त्यस्तै दुसहास गरेका

थिए जसरी कि विगतमा केही रसूलहरूको हत्या गरेका थिए । कुरआनले उनको यस कुकर्मको चर्चा यसरी गरेको छः

﴿ ۞ فَلَمَّآ أَحَسَّ عِيسَىٰ مِنْهُمُ ٱلْكُفْرَ قَالَ مَنْ أَنصَارِىٓ إِلَى ٱللَّهِ ۖ قَالَ ٱلْحَوَارِيُّونَ نَحْنُ أَنصَارُ ٱللَّهِ ءَامَنَّا بِٱللَّهِ وَٱشْهَدْ بِأَنَّا مُسْلِمُونَ ﴿٥٢﴾ رَبَّنَآ ءَامَنَّا بِمَآ أَنزَلْتَ وَٱتَّبَعْنَا ٱلرَّسُولَ فَٱكْتُبْنَا مَعَ ٱلشَّٰهِدِينَ ﴿٥٣﴾ وَمَكَرُوا۟ وَمَكَرَ ٱللَّهُ ۖ وَٱللَّهُ خَيْرُ ٱلْمَٰكِرِينَ ﴿٥٤﴾ إِذْ قَالَ ٱللَّهُ يَٰعِيسَىٰٓ إِنِّى مُتَوَفِّيكَ وَرَافِعُكَ إِلَىَّ وَمُطَهِّرُكَ مِنَ ٱلَّذِينَ كَفَرُوا۟ وَجَاعِلُ ٱلَّذِينَ ٱتَّبَعُوكَ فَوْقَ ٱلَّذِينَ كَفَرُوٓا۟ إِلَىٰ يَوْمِ ٱلْقِيَٰمَةِ ۖ ثُمَّ إِلَىَّ مَرْجِعُكُمْ فَأَحْكُمُ بَيْنَكُمْ فِيمَا كُنتُمْ فِيهِ تَخْتَلِفُونَ ﴿٥٥﴾ فَأَمَّا ٱلَّذِينَ كَفَرُوا۟ فَأُعَذِّبُهُمْ عَذَابًا شَدِيدًا فِى ٱلدُّنْيَا وَٱلْءَاخِرَةِ وَمَا لَهُم مِّن نَّٰصِرِينَ ﴿٥٦﴾ وَأَمَّا ٱلَّذِينَ ءَامَنُوا۟ وَعَمِلُوا۟ ٱلصَّٰلِحَٰتِ فَيُوَفِّيهِمْ أُجُورَهُمْ ۗ وَٱللَّهُ لَا يُحِبُّ ٱلظَّٰلِمِينَ ﴿٥٧﴾ ﴾ آل عمران: ٥٢ - ٥٧

अर्थ : तर जब ईसा (अलैहिस्सलाम) ले उनीहरूको अनास्था सूचक नियतको अनुभव गर्नुभयो त भन्न थाले कि अल्लाहको मार्गमा मेरो सहायता गर्ने को-को छन् ? हवारीहरूले जवाफ दिए कि हामी अल्लाहको मार्गको पक्षधर हौं । हामी अल्लाहमाथि आस्था राख्यौं र तपाई साक्षी हुनु कि हामी आदेश पालन गर्नेवाला हौ । हे हाम्रो पालनकर्ता पुजनीय ! हामीले तिमीले नाजिल गरेको किताबमाथि पूर्ण विश्वास गर्दछौ र तिम्रो पैगम्बरका अनुयायी बनिसकेका छौं । तसर्थ हामीलाई साक्षी दिनेहरूमा लेखिहाल । तिनीहरूले षडयन्त्रपूर्ण योजना बनाए, र अल्लाहले पनि त्यसबाट बचाउने योजना बनायो, र अल्लाह सबैभन्दा राम्रो योजनाकार हो । जब अल्लाहबाट आदेश भयो कि ईसा

मैले तिम्रो संसारमा रहने अवधि पूरा गरी तिमीलाई आफूतिर उठाउने र तिमीलाई काफिरहरूबाट पवित्र गर्नेछु । र, तिम्रो अनुशरण गर्नेहरूलाई काफिरहरू भन्दा शक्तिशाली बनाउने छु कयामतको दिनसम्म अनि तिमी सबै म छेउ फर्केर आउनेछौ, त जुन कुरामा तिमीहरू विवाद गर्दथ्यौ, त्यस दिन त्यसको निर्णय मैले नै गर्नेछु। फेरि अनास्थावानहरूलाई संसार र आखिरत दुवैमा कठोर सजाय दिनेछु र तिनको कोही सहायक हुँदैन । र जसले ईमान ल्याएर सत्कर्म गरिराखे, तिनलाई अल्लाह पूर्ण रूपले त्यसको प्रतिफल प्रदान गर्ने छ र अल्लाहले अन्याय गर्नेहरूलाई प्रेम गर्दैन । ( सूरतु आले इम्रान ५२-५७ )

र आर्को ठाउँमा अल्लाहको भनाई छः

﴿ فَبِمَا نَقْضِهِم مِّيثَٰقَهُمْ وَكُفْرِهِم بِـَٔايَٰتِ ٱللَّهِ وَقَتْلِهِمُ ٱلْأَنۢبِيَآءَ بِغَيْرِ حَقٍّ وَقَوْلِهِمْ قُلُوبُنَا غُلْفٌۢ ۚ بَلْ طَبَعَ ٱللَّهُ عَلَيْهَا بِكُفْرِهِمْ فَلَا يُؤْمِنُونَ إِلَّا قَلِيلًا ﴿١٥٥﴾ وَبِكُفْرِهِمْ وَقَوْلِهِمْ عَلَىٰ مَرْيَمَ بُهْتَٰنًا عَظِيمًا ﴿١٥٦﴾ وَقَوْلِهِمْ إِنَّا قَتَلْنَا ٱلْمَسِيحَ عِيسَى ٱبْنَ مَرْيَمَ رَسُولَ ٱللَّهِ وَمَا قَتَلُوهُ وَمَا صَلَبُوهُ وَلَٰكِن شُبِّهَ لَهُمْ ۚ وَإِنَّ ٱلَّذِينَ ٱخْتَلَفُوا۟ فِيهِ لَفِى شَكٍّ مِّنْهُ ۚ مَا لَهُم بِهِۦ مِنْ عِلْمٍ إِلَّا ٱتِّبَاعَ ٱلظَّنِّ ۚ وَمَا قَتَلُوهُ يَقِينًۢا ﴿١٥٧﴾ بَل رَّفَعَهُ ٱللَّهُ إِلَيْهِ ۚ وَكَانَ ٱللَّهُ عَزِيزًا حَكِيمًا ﴿١٥٨﴾ وَإِن مِّنْ أَهْلِ ٱلْكِتَٰبِ إِلَّا لَيُؤْمِنَنَّ بِهِۦ قَبْلَ مَوْتِهِۦ ۖ وَيَوْمَ ٱلْقِيَٰمَةِ يَكُونُ عَلَيْهِمْ شَهِيدًا ﴿١٥٩﴾ فَبِظُلْمٍ مِّنَ ٱلَّذِينَ هَادُوا۟ حَرَّمْنَا عَلَيْهِمْ طَيِّبَٰتٍ أُحِلَّتْ لَهُمْ وَبِصَدِّهِمْ عَن سَبِيلِ ٱللَّهِ كَثِيرًا ﴿١٦٠﴾ ﴾ النساء: ١٥٥ - ١٦٠

अर्थ : यो सजाय पनि तिनीहरूको वचन भंग गर्नाले र अल्लाहका आयतहरूलाई इन्कार गर्नाले र नबीहरूको (अल्लाहकादूत) अवज्ञा गरी बिना कारण हत्या गर्नाले र यो भन्नाले कि हाम्रो हृदय आवरणले ढाकिएका छन्। अपितु उनीहरूको कुफ्र (अवज्ञा) को कारण तिनीहरूको

हृदयलाई अल्लाहले मोहरबन्द गरी दिएका छन त्यस कारण तिनीहरूले कमै मात्र ईमान ल्याउँछन् । र तिनीहरूको नास्तिकताले गर्दा र मरियममाथि गम्भीर दोषारोपणको कारणले पनि । र यो भन्नाको कारणले कि हामीले मरियमको छोरा अल्लाहको रसूल ईसा मसीहलाई हत्या गरिसकेका छौं जबकि न तिनीहरूले ईसाको हत्या गरे न त उनलाई सूलीमा चढाए बरु तिनीहरूको लागि उनीकै (ईसा मसीह) रूप जस्तो प्रतीत हुने आकार बनाइएको थियो । विश्वास गर जुन मानिसहरू उनको सम्बन्धमा मतभेद गर्दछन् तिनीहरू उनको वास्तविक स्थितिबारे शंकामा परेका छन् र भ्रम बाहेक तिनीहरूलाई अरु कुनै ज्ञान छैन, र तिनीहरूले निःसन्देह ईसाको हत्या गर्न सकेनन् । बरु अल्लाहले उनलाई आफूतिर उठाई लग्यो र अल्लाह सर्वशक्तिशाली तत्वदर्शी हो । र "अहले किताब मध्ये कोही बाँकी रहने छैन जसले हजरत ईसा(अलैहिस्सलाम)को मुत्यु भन्दा अगाडि नै उनीमाथि विश्वास" नगरोस् र कियामतका दिन उनी तिनीहरू विरुद्ध साक्षी हुने छन् । तसर्थ यहुदीहरूको अत्याचारको कारणले धेरै जसो बैध (हलाल) बस्तुहरूलाई तिनीहरूको निम्ति हराम (अवैध) बनाई दिऔं र यस कारणले पनि कि तिनीहरू धेरै मानिसहरूलाई अल्लाहको मार्गबाट रोकदैथे । ( सूरतुन्निसा १५५-१६० )

र ईसा अलैहिस्सलामका अनुयायीहरूलाई ईसाई, नसारा, नस्रानी, र मसीही यस कारण भनिन्छ किनकि नसारा अथवा नस्रानीको अर्थ होः सहायक, त ईसा अलैहिस्सलामका अनुयायीहरू उनको सहाता गर्नुमा प्रतिबद्ध भएका थिए यसै कारण समस्त अनुयायीहरूलाई नस्रानी भनिन्छ । यस्तै ईसाई भन्नुको कारण हो ईसा अलैहिस्सलामको नामतर्फ संकेत गर्नु कि यिनीहरू ईसाका अनुयायी हुन् । यस्तै मसीही भन्नुको कारण पनि यो नै हो किनकि ईसाको आर्को नाम मसीह पनि थियो जसको अर्थ होः उद्धारक त यसैबाट संलग्न गरेर मसीही भनिन्छ ।

तर वास्तवमा यिनीहरू पनि इस्राईल अर्थात यअ्कूबका सन्ततिहरू मध्येका हुन्, तर जस जसले यहूदीहरूको मिथ्या धर्मलाई त्यागेर ईसाको अनुयायी बने र सत्यमा विश्वास गरे उनीलाई ईसाई र क्रिश्चियन भनियो ।

ईसा अलैहिस्सलामको उपस्थितिमा यस धर्मका अनुयायीहरू अति अल्पसंख्यामा थिए पछि आएर ती ईसाद्वारा मनोनीत १२ हवारीहरू मध्ये मात्र तीनवटा बाँचेका थिए, अनि यी तीनवटैको प्रचार प्रसारको कारण नै ईसाईहरूको संख्या प्रगतिशील भयो, र यस धर्मको मूल ग्रन्थ इन्जील (बाइबल) र जसलाई न्यू टेस्टामेन्छ (New Testament) पनि भनिन्छ र किताबुल मुकद्दस पनि भनिन्छ केही समय त आफ्नो असल अवस्थामा थियो, तर पछि यसमा पनि उस्तै परिवर्तन गरियो जसरी कि तौरातमा गरिएको थियो, र यसको विवरण संक्षेपमा यस प्रकार छ !

**पहिलो चरण:** यस चरणको अवधि (समय सीमा) लगभग ईसा अलैहिस्स्लामको जन्मदेखि ५० वर्षसम्मको छ। यस अवधिमा ईसाईहरू सत्य धर्ममा थिए र त्यसै निर्देशनहरूको अनुपालन गरिरहेका थिए जसलाई लिएर हजरत ईसा अलैहिस्सलाम आएका थिए । र यस विपरीत यहूदीहरू आफ्नो पथभ्रष्टतामा नै मस्त थिए, र आफ्नो उत्पाती बानीको कारण ईसाईहरूलाई यातना दिदै अधिकांश ईसाईहरूलाई हत्या गरिसकेका थिए । तर त्यस समयका ईसाईहरू यिनीहरूको यातना र अत्याचारबाट नडराइकन् सत्य पथमा दृढ थिए, र हजरत ईसा र इब्राहीमको धर्म सोझो मार्ग (इस्लाम) माथि कार्यरत थिए । र यो कुरो पहिला नै वर्णन गरिसकेको छु कि हजरत ईसा अलैहिस्सलामले आफ्नो धर्मको प्रचारको लागि सत्तरी साथीहरू मध्ये १२ लाई रोज्नु भएको थियो, र उहाँका यी १२ मनोनीत हवारी (साथी) हरू मध्ये मात्र तीन जना नै यहूदीहरूको आक्रमणबाट बाँचेका थिए जुन आक्रमण राजा वीलातसले कायाफास यहूदीको भनाईको कारण गरेको थियो । र यी तीन बाहेक जुन अल्पसंख्यक ईसाईहरू बाँचेका थिए लुकिछिपी सत्य धर्ममा अग्रसर थिए । (मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उस्मानी, अदियानुल् आलम लेखक: हबीब सअद, मफाहीमुल् हुर्रियाह वतत्बीकातुहा लेखक: अब्दुल् अजीज अल् हुमैदी, अल् मौसूअतुल् मुयस्सेरह लिश्शबाबिल् इस्लामी)

**दोस्रो चरण:** यस अवधिमा ईसाईहरू सत्य धर्मबाट पन्छन्थाले, र असल इन्जीललाई गुमाई मिथ्या इन्जील बनाइहाले र जसको विवरण यस प्रकार छ:

जब ईसा अलैहिस्सलामलाई अल्लाहले आफूतर्फ उठायो, त यहूदीहरूले उहाँका अनुयायीहरूलाई साह्रै दु:ख दिनथाले, र कतिपयलाई कारागारमा थुने र कतिपयलाई हत्या गरे, यहाँसम्म कि मत्ता ईसाई धर्मको प्रचारको लागि हब्शा राज्यमा गए, अनि त्यसलाई त्यहीँ मारियो, तर मृत्युभन्दा अघि मत्ताले एउटा गृजाघर (कनीसा) बनाएका थिए जसमा ईसाईहरू पूजा गर्थे ।

र यस्तै मुरकुस स्कन्दरीया प्रचारको लागि प्रस्थान गरेका थिए, र त्यहाँ एउटा भव्य कनीसा बनाएका थिए जसलाई इतिहासका ग्रन्थहरूमा कनीसा रोमाको नामले याद गरिन्छ । र यो कनीसा बतरस हवारीको कथनानुसार बनाइयो, तर केही समय पश्चात यी दुवैको पनि हत्या गरियो । र यसै बीच एउटा कट्टरपंथी यहूदी जुनकी ईसाईहरूमाथि अत्याचार गर्नुमा अघि अघि थियो त्यसले ईसाई धर्म कबूल गऱ्यो यस उद्देश्यले कि यस धर्मलाई पनि उस्तै परिवर्तित गरोस् जसरी कि यहूदी धर्म परिवर्तित गरिएको थियो, र यस मान्छेको नाम शावल अत्तरतुसी थियो र पछि यो मान्छे बुलसको नामले प्रख्यात भयो । र यसले आफूले ईसाई धर्म कबूल गर्ने कारण यो बतायो कि जब त्यो ईसाईहरूमाथि अत्याचार गर्दै र उत्पात मचाउँदै एक नगरपछि आर्को नगरको यात्रा गर्दै हिंडिरहेको थियो त दमश्क जाँदाखेरि त्यसको भनाई अनुसार हजरत ईसा प्रकट भए, र उहाँले त्यसको यस घृणित कार्यमा अप्रसन्नता व्यक्त गरे, र त्यसलाई ईसाई धर्मको प्रचारक नियुक्त गरे, यसै कारण ईसाईहरू यस मान्छेलाई बुलस रसूल पनि भन्दछन् । र यो मान्छे अर्थात बुलस अति बाठो थियो केही समयमा नै यो व्यक्ति ईसाईहरूमा लोकप्रिय भयो र सबैबीच ख्याति प्राप्त गऱ्यो, अनि यसले धेरै नगरहरूको यात्रा पनि गऱ्यो र प्रत्येक नगरमा कनीसाहरू पनि निर्माण गऱ्यो जसमध्ये इन्ताकिया नगरमा त्यसले बनाएको कनीसा अति प्रसिद्ध छ । र एक दिन जब बुलस ईसा अलैहिस्सलामको साथी बरनाबाको साथ जाँदै थियो त बरनाबाले हेरे कि इन्ताकियामा मानिसहरू ईसाई धर्मका निर्देशनहरूबाट मुख फर्काइरहेका छन् र सत्यमार्गबाट भ्रमित भइराखेका छन् । त बरनाबा तुरुन्तै बैतुल मुकद्दस

फर्केर आए ताकि यस कुराको टुँगो लगाउन् र सबैलाई सत्य र साँचो धर्मतर्फ प्रवृत्त गरुन् ।

अनि योरोशलेममा एउटा भव्य समारोह गरियो जसमा यस समस्याको समाधानमाथि चर्चा गरियोस् । अनि केही नयाँ कानूनहरूलाई पनि पारित गरियो जसरी व्यभिचारको अवैधता, रगत र मृतक जनावरको मासुको अवैधता, जनावरको घाँटी कसेर मारिएको मासुको अवैधता ... आदिलाई पास गरियो । तत्पश्चात बुलस र बरनाबा फेरि इन्ताकिया फर्केर आए तर केही समयपछि नै बरनाबा र बुलस बीच विवाद उत्पन्न भयो जब बुलसले भन्यो कि ईसाईहरूको लागि तौरात अर्थात अहदुल ्कदीम (old Testament) अमान्य छ, र यो हाम्रो ग्रन्थ होइन यसबाट बाँचनु हामीमाथि अनिवार्य छ किनकि यसलाई स्थगित गर्ने उद्देश्यले नै हजरत ईसा आउनु भएको थियो । र यसै बुलसले अहदे जदीद (New Testament) को कुरा गऱ्यो, र यसैले (New Testament) लाई बनाउन आरम्भ गऱ्यो जुनकि वास्तवमा यहूदी थियो (अर्थात बुलस् यहूदी थियो) । अनि यसैले ईसाई धर्ममा बहुदेववादलाई मिसायो जब एक अल्लाहको स्थानमा यो कुरो भन्यो कि ईसा अलैहिस्सलाम अल्लाहका पुत्र हुन् र उहाँलाई अल्लाहले जीवितै आकाशमा यस कारण उठाएका छन् कि हजरत ईसा अल्लाहको सिँहासनमा त्यसको दायाँतर्फ बसुन्, र सबैको फैसला गरुन् । अर्थात यसै मान्छेले यो भन्न आरम्भ गऱ्यो कि पूज्यको अर्थ तीनको मिश्रण हो अर्थात पिता+पुत्र+रुहुल कुदस् = अल्लाह (पूज्य) ।

तर पहिलाका ईसाईहरूले यस धारणाको बलपूर्वक विरोध गरे र यसलाई पूर्णतया अस्वीकृत गरे, तर यसरी नै ईसाई धर्मको परिवर्तनको आरम्भ भयो । र दोस्रोतर्फ यहूदीहरू आफ्नो समस्त जोर र शक्तिको केन्द्र यी ईसाईहरूलाई सिद्धयाउनुमा नै केन्द्रित गरे जसलेगर्दा सन् ६४ ई.मा बतरस र बुलसको बध गरियो । र सन् ९० ई. मा युहन्नाले इन्जील युहन्ना लेख्नु भयो ।

अनि सन् १०६ ई. मा समस्त ईसाईहरूलाई हत्या गर्ने घोषणा गरियो, तर ईसाईहरूको सामूहिक हत्या सन् २८४ ई. मा गरियो जब दिलकदियानूस राजाले यिनीहरूको सामूहिक हत्याको फर्मान जारी

गऱ्यो त यस बीच अधिकांश हवारीहरू मारिए र यिनीमाथि हत्या हिंसाको बजार तातो नै रह्यो, यसै कारण यिनीहरू असल इन्जीलहरूलाई गुमाए र धर्ममा परिवर्तन गर्नुमा बाध्य भए ।

र यसै अत्याचारको कारण ईसाई धर्ममा एउटा आर्को नौलो कुरो अविष्कृत भयो जुनकि बुद्ध धर्ममा छ र त्यो कुरो हो (रहबानियत) अर्थात घरबार छाडेर अल्लाहको उपासनाको उद्देश्यले बस्ती र नगरबाट पर गई एकान्तमा बस्नु । र यसै बीच ईसाई धर्ममा फलसफाको पनि आगमन भयो र त्यसको वर्चस्व कायम भयो ।

तर जब रोमाको राजा कसतुनतीन ईसाईहरूको पुष्ठपोषक भयो र ईसाई धर्ममा आफ्नो चासो देखायो, र ईसाईहरूलाई यस धर्मको प्रचारको अनुमति दिनुको साथै कनीसाहरू बनाउने क्रममा उनीहरूको सहायता पनि गर्ने आदेश गऱ्यो, त ती ईसाईहरू जुनकि विभाजित भइसकेका थिए, र प्रत्येक समूहको पास एउटा भिन्न इन्जील थियो र जुन इन्जीलहरूको संख्या लगभग ५० सम्म पुगिसकेको थियो, र सबै आफूसित भएको इन्जीललाई नै सत्य भन्थे र आर्कोसित भएको इन्जीललाई असत्य भन्थे त यस समस्याको समाधानतर्फ र समस्त ईसाईहरूलाई एकजुट गर्नुतर्फ प्रवृत्त भए । अनि जुन विवाद यिनीहरू बीच पूज्यलाई लिएर उत्पन्न भएको थियो जसरी कोही भन्थ्यो कि ईसा अल्लाहका पुत्र हुन्, त कोही भन्थ्यो होइन उहाँ त मनुष्य थिए, त कोही तीनलाई मिसाएर त्यसको संग्रहलाई पूज्य भन्थ्यो ... अर्थात जति विवादित कुराहरू यस सन्दर्भमा थिए सबैको अन्त्य गर्नुको लागि आफ्नो प्रयासलाई तीव्र गरे । अनि एउटा कमीटी गठन गरियो जुन यस समस्याको समाधान गरोस्, अनि यस कमीटी एवं संस्थाले निम्न निर्णय गऱ्यो:

१- आरियूस जुन एकेश्वरवादको प्रचार गरिरहेको थियो त्यसलाई नकारियो, र त्यसका समस्त किताबहरूलाई जलाइयो, र ईसालाई पूज्य घोषित गरियो ।

२- २० नयाँ कानून लागू गरियो जसले कनीसालाई प्रचलित गरियोस्, र कनीसालाई प्रगतिशील राखियोस् ।

३- ४ वटा इन्जीलहरूलाई मात्र स्वीकृति प्रदान गरियो जुन निम्न हुन्: इन्जील मत्ता, इन्जील लुका, इन्जील मुरकुस, इन्जील युहन्ना । र केही अन्य लेखहरू र यी समस्तका संग्रहलाई नै न्यू टेस्टामेन्ट भनिन्छ। र यस बाहेक समस्त इन्जीलहरूलाई अमान्य घोषित गरी उपरोक्तमा वर्णित लेखहरूलाई मात्र सर्वमान्य घोषित गरियो। तर रोमको राजाको निधन पश्चात फेरि ईसाईहरूमा विवाद उत्पन्न भयो र यिनीहरूमा केही अरु ग्रुपहरू पनि बन्नथाले, र आपसमा नै संघर्षरत भए, अनि ईसाई धर्म अत्याधिक गुटहरू र समूहहरूमा परिवर्तित भयो जसमध्ये समस्त गुटहरूसित आफ्नो भिन्न आस्था हुन्थ्यो, त यसै क्रममा बाबवीयह समूहको अविष्कार भयो जसको युगमा इन्जीललाई लातीनी भाषामा अनुवाद गरियो, र यस्तै आर्को गुट यअ्कूबीया पनि अविष्कृत भयो, र यस्तै एकपछि आर्को ग्रुप निस्कदै गए यहाँसम्म कि ईसाई धर्मको मूलरूप र मूल निर्देशनहरू हराए । (अल् इत्तेजाहातुल् फिक्रीयतुल् मुआसेरह लेखक: डा.जुमआ खौली, उसूलुल फिरक वल अदियान वल् मजाहिबुल् फिक्रीया लेखक: डा. सफर बिन अब्दुर्रहमान अल् हवाली, अल् मुजज फिल् अदियान लेखक नासिर अल् कफाजी, नासिर अल् अकल, या अहलल् किताब तआलू इला कलेमतिन् सवाअ् लेखक: डा. रऊफ शिलबी, मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उस्मानी, अदियानुल् आलम लेखक: हबीब सअद, मफाहीमुल् हुर्रियाह वतत्बीकातुहा लेखक: अब्दुल् अजीज अल् हुमैदी, अल् मौसूअतुल् मुयस्सेरह लिश्शबाबिल् इस्लामी )

# ईसाईहरूका केही प्रमुख धार्मिक समूहरूको वर्णन

**अरथोडक्स:** ईसाईहरूको तीन महा कनीसाहरूमध्ये एउटालाई अनुपालन गर्नेहरूलाई अरथोडक्स भनिन्छ। र यो कनीसा सन् १०५४ ई. मा काथुलिक कनीसाबाट विभाजित भएको थियो। र यस समूहका दुई विशाल कनीसाहरू छन् जसमध्ये एउटा रोमामा छ र आर्को मिश्र (एजिप्ट) मा छ । र रोममा भएको कनीसामा र मिश्रमा भएको कनीसामा एउटै समूह भए पनि विवाद र मतभेद छ र दुवैका निर्देशनहरूमा केही भिन्नता देखिन्छ र समयको साथ यसमा धेरै भिन्नतादेखा परेका छन् जसलाई अगाडि वर्णन गरिन्छ तर आरम्भमा मात्र मसीहको वास्तविकताबारे विवाद उत्पन्न भएको थियो तर पछि आएर विवाद यति बढ्यो कि मिश्रमा भएको कनीसाका अनुयायीहरू यो भन्नथाले कि हाम्रो ग्रुप र यस कनिसाको निर्माणकर्ता बुलस रसूल हुन्, र सन् ४३१ ई. मा दुवै कनीसा बीचको मतभेद अरु बढ्यो र सन् ४५१ ई. मा दुवै कनीसा अलग भए । तर जब मिश्रको राजा हेरक्ल मुकौकिस भयो त यिनीहरूमाथि अत्याचार गर्नथाल्यो र अत्याचार यति बढ्यो कि यस समूहको सबैभन्दा ठूलो धर्मगुरु बिनयामीन त्यहाँबाट भागेर पहाडहरूको गुफामा शरण लियो। अनि जब अमर बिन आसको अगुवाईमा मुसलमनहरूले मिश्रमाथि विजय प्राप्त गरे तब बिनयामीन फेरि फर्केर मिश्र आयो । अनि यहाँ इस्लाम आए पश्चात धेरै ईसाईहरूले इस्लाम कबुल गरे, र यस देशमा ईसाईहरूको जोर कम भयो, यसै कारण मिश्रको भाषा परिवर्तित भएर अरबी भयो जुन आजसम्म बाँकी नै छ।

तर जब इन्ग्लैण्डले मिस्रमाथि कब्जा गर्‍यो त बाँकी बचेका ईसाईहरू उनीहरूबाट प्रभावित भई आफ्नो धर्ममा धेरै परिवर्तन गरे । र सन् १९७३ ई. मा सबै कनीसाहरूलाई एकमत गर्ने सहमति भयो, र काथुलिक र अरथोडक्स कनीसालाई मिसाईयो तर यस लामो अवधिमा ईसाई धर्ममा अनेकौं परिवर्तन भइसकेको थियो यसै कारण कतिपय ईसाईहरू अल्मानी भए त कतिपय कुनै आर्को नौलो गुट बनाए, अर्थात समयको साथ साथ यस धर्मका समस्त गुटहरूका आस्था र कार्यशैलीहरूमा परिवर्तन हुँदै रह्यो।

## यस समूहका केही प्रमुख आस्था र धारणाहरू

सबै ईसाईहरू भ्रैं यिनीहरू पनि तीनलाई एकमा संग्रहितगरी त्यसैलाई पूज्य मान्दछन् र त्यो हो पिता+पुत्र+रुहुल कुदस् = अल्लाह (पूज्य) ।

र यिनीहरू यो पनि भन्छन् कि मसीह पूज्य हुनुको साथै पालनकर्ता पनि हुन् । र यो पनि भन्छन् कि यी तीनवटै वास्तवमा एउटैको विशेषता हो र तीनवटै अविनाशी छन् ।

र यो आस्था पनि राख्दछन् कि परम् पूज्यले नै वास्तवमा ईसा मसीहको रूप धारण गरेर आएका थिए, र यसको साथै यो पनि आस्था राखदछन् कि उहाँलाई सुलीमा चढ्ाइयो र यसको कारण हो हाम्रो पापको प्रयाश्चित गर्नुको उद्देश्यले उहाँले यस्तो गर्नु भयो ।

र यो पनि भन्छन् कि हजरत मरियम हाम्रै परम पूजयकी आमा हुन् तसर्थ उनको पनि त्यस्तै सम्मान र आदर गरियोस् जसरी ईसा मसीहको गरिन्छ। र यो समूह सातवटा गोप्यता रहस्यमय कुराहरूमाथि पनि आस्था राख्दछ जुन निम्न हुन्:

१- मअ्सूदीयाको रहस्य ।

२- मेस्नको रहस्य ।

३- कुरबानको रहस्य ।

४- स्वीकृतिको रहस्य ।

५-रोगलाई निको पार्नुको रहस्य ।

६- विवाहको रहस्य ।

७- कहनूतको रहस्य ।

र यिनीहरू २४ घंटामा सातवटा नमाज कायम गर्नुमाथि विश्वास राख्दछन्, र व्रत बस्नुमाथि पनि विश्वास राख्दछन् जुन यिनीहरूको कथन बमोजिम सात प्रकारका छन् ।

र यिनीहरूका आस्थाहरूका प्रमुख स्रोत र आधारहरू हुन्:

१- (old Testament र New Testament) जसलाई किताबुल् मुकद्दस भनिन्छ ।

२- फलसफाहरू ।

३- प्राचीन संस्कृतिहरू जसरी प्राचीन मिश्री संस्कृतिहरू, र युनानी संस्कृतिहरू र भारतीय संस्कृतिहरू । र यसबाहेक केही निर्देशनहरू जुन उनीहरूका असकफ अर्थात धर्मगुरुहरूको र ऋषि मुनिहरूले भनेका छन् । (दायरतुल् मआरिफुल् इस्लामीया, किस्सतुल् कनीसतुल् किब्तीया लेखक: एजस हबीब, मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उसमानी अल् मौसूअतुल् मुयस्सरह लिश्शबाबिल् इस्लामी, मलफुल् कनीसतुल् मिश्रीया लेखक: महमूद मोरो )

**काथुलिक:** ईसाईहरूको सबैभन्दा ठूलो कनीसा हो जुन रोममा स्थित छ, र यस समूहको दावी छ कि यस कनीसालाई बतरस रसूलले २४८ ई. मा स्थापित गरेका हुन् जबकि इतिहास यो संकेत गर्छ कि वास्तवमा यस कनीसालाई बुलस र बतरस दुवैले मिलेर स्थापित गरेका हुन् ।

र काथुलिक शब्दको प्रयोग सर्वप्रथम दोस्रो शताब्दीमा अगानतियुस् नामक अस्कफ (धर्मगुरु) ले गरे जुन पछि आएर ईसाईको सबैभन्दा ठूलो समूहमा परिवर्तित भयो जसको सबैभन्दा ठूलो चर्च रोमामा अवस्थित छ ।

यस कनीसाको अधिपत्य विगतदेखि आज सम्म ईसाईहरूमाथि कायमै छ, सन् ४१० ई. पश्चात केही समयको लागि अरिसियुईनको अधिपत्य कायम भएको थियो, तर फेरि ४९६ ई. मा काथुलिकहरूको अधिपत्यको आरम्भ भयो र सन् ५९० ई. मा फेरि यिनीहरूको वर्चस्व पूर्णरूपले कायम भयो । र ५९० ई. देखि ८४० ई. को अवधिमा ईसाई धर्ममा धेरै विभाजन भयो, र एक ग्रुप आर्कोसँग युद्धरत रह्यो, र सन् ५७१ ई. मा मुहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) को जन्म भए पश्चात ४० वर्षको उमरेमा उहाँलाई दूतत्व प्रदान गरियो त एउटा आर्को धर्मको अविष्कार भयो र यस धर्मको प्रकाश पूर्ण विश्वमा फैलियो र धेरै ईसाईहरूले इस्लाम कबूल गरे जसलेगर्दा ईसाई धर्म समयको साथ सीमित हुँदै गयो ।

र ८०० ई. देखि १५२१ ई. सम्म ईसाईहरू आपसमा नै युद्धरत रहे र जब १४५३ ई. मा मुसलमानहरूले रोम र कुस्तुनतुनियालाई पराजित गरी विजय प्राप्त गरे त विशेषरूपले काथुलिकहरूको र

सामान्यरूपले ईसाई धर्मको जोर बिल्कुलै कम भयो । र जब ईसाईहरूले अर्थात कनीसाहरूले विद्वानहरू र वैज्ञानिकहरूको अनाहक हत्या गर्नुतर्फ लागे र उनीहरूका वैज्ञानिक विश्लेषणहरूलाई अपराध ठानी १४८१ ई. देखि १४९९ ई. सम्ममा लगभग दश हज्जार मानिसहरूलाई हत्या गरे, त सबै ईसाईहरू कनीसाबाट निराश भएर विद्रोहको बाटोमा लागे, अनि परिणाम स्वरूप कनीसाहरूको वर्चस्व घट्दै गयो र अवस्था यहाँसम्म पुग्यो कि धर्मलाई अस्वतन्त्रता मानियो र धर्मलाई त्याग्नुलाई नै वास्तविक स्वतन्त्रता ठानियो । अनि यसैको परिणाममा धेरै समूहहरू अविष्कृत भए, र धर्मलाई छाडेर मार्कसवाद, नास्तिकवाद र कम्युनिष्टवाद तर्फ लागे, र अधिकांश ईसाईहरू नास्तिक भए ।

## काथुलिकहरूको आस्थाको एक झलक

यिनीहरू पनि अरु ईसाईहरू झैं तीनको संग्रहलाई पूज्य ठान्दछन् तर यिनीहरू भन्छन् कि पुत्र पिताबाट अलि कम शक्तिशाली छ, र दर्जामा पनि कम छ जसलाई लाहूतीया र नासूतीयाको नामले नामाकरण गर्छन् ।

र यिनीहरूको यो आस्था पनि छ कि परम् पूज्यले हजरत ईसाको रूप धारणगरी यस संसारमा हाम्रो पापको उद्धार गराउन आएका थिए ।

र मृत्युको तीन दिन पश्चात उठेर अल्लाहको दायाँतर्फ बसेका छन् ताकि महा प्रलयको दिन सबै बीच फैसला गरुन् ।

र हजरत मरियमलाई सबै ईसाईहरू झैं आदरणीय र सम्मानित मान्दछन् । र सलीबलाई आदरणीय मान्दछन् र त्यसलाई आफ्नो धर्मचिन्हको रूपमा घाँटीमा लगाउँछन् ।

र यिनीहरू तौरात इन्जील दुवैको संग्रहमा आस्था राख्दछन्, र कनीसाका केही रहस्यमय कुराहरूमा पनि आस्था राख्दछन्, र तलाकलाई अवैध ठान्दछन् । र यिनीहरू बाबाहरूलाई (पोपहरूलाई) दोषमुक्त मान्दछन् । र यो आस्था राख्दछन् कि मरणोपरान्त मान्छे एउटा यस्तो ठाउँमा जान्छ जहाँ त्यसलाई पवित्र गराइन्छ, अनि त्यसलाई त्यहाँबाट सारिन्छ । र यिनीहरूको यो आस्था पनि छ कि बुराईलाई अल्लाहले सृष्टि गरेको छैन, बरु त्यसलाई मान्छे आफै

अविष्कृत गर्छ । र यिनीहरू निकट त्यो मृतक जनावरको मासु जसको घाँटी कसेर मारिन्छ त्यसलाई खानु जायज छ, र रगत एवं सुँगुरको मासुलाई पनि जायज ठान्दछन् । र सबै ईसाईहरू झैं नमाज व्रत र पूजाको आयोजना गर्नुमा सहमत छन् । केही विशेष बाबाहरूलाई रसूलको दर्जा दिन्छन् र तिनीलाई सबैमाथि प्रधानता प्रदान गर्छन् ।

**यिनीहरूको आस्थाका मूल स्रोतहरू निम्न हुन्:**

पवित्र ग्रन्थ अर्थात तौरात र इन्जीलको संग्रह र ती समस्त किताबहरू जुन त्यससित संलग्न छन् । मजूसीहरूको धर्म, बुद्धइज्म, हिन्दूइज्म, मिश्र र रोमको प्राचीन संस्कृतिहरू, फलसफा चाहे अफलातूनको होस् वा सकरात आदिको । (अल् इत्तेजाहातुल् फिक्रिया अल् मुआसेरह लेखकः जुमआ खौली, मा हियन्नसरानीया लेखकः मुहम्मद तकी उसमानी अल् मौसूअतुल् मुयस्सरह लिश्शबाबिल् इस्लामी, मफाहीमुल् हुर्रिया वतत्बीकातुहा लेखकः अब्दुल् अजीज अल् हुमैदी, अल् मसीहीयह लेखकः अहमद शिलबी )

**ब्रोतिस्तान्तः** ईसाईहरूको तेस्रो ठूलो समूह जुन इन्जीलको साथ साथै बुद्धि र विवेकमा पनि विश्वास राख्दछन्, र भन्छन् कि पवित्र ग्रन्थहरूलाई मात्र असकफ र पादरीहरू नै बुझ्दैनन् बरु सबै मानिसहरू त्यसलाई बुझ्नुमा सूक्षम छन्, र यो ग्रन्थ सबैको लागि अवतरित भएको छ, यो मात्र धर्म गुरुहरूको लागि अवतरित भएको छैन ।

यो समूह काथुलिक समूहबाट टुक्रिएर निस्केको हो । सोलहौं शताब्दीमा यो समूह काथुलिक समूहबाट पूर्णतया विभाजित भएको थियो, र यस समूहको सबैभन्दा ख्याति प्राप्त संस्थापकहरू मध्ये मारतन् लोथर हो जुन १४८३ ई. मा अल्मानियामा जन्मेको थियो र सन् १५०५ ई. मा यसले यसमोरत युनिवरसीटिबाट कानून र लाहूती विद्याको अध्ययन पूर्ण गर्‍यो, र १५०६ ई. मा पादरीको पदमा खटाइयो त यसले ईसाईहरूको कुकर्म गर्ने कार्यमा विरोध गर्‍यो, र जेजति पादरीहरू र अस्कफहरू अश्लीलता र निर्लज्जताका कार्यहरू गरिरहेका थिए त्यसको विरोधको साथै त्यसलाई अवैध पनि ठहर गर्‍यो, र त्यसको यस कार्यबाट कुनै लाभ नभएको कारण अलमानीया फिर्ता आयो । अनि

यस मान्छेमा केही धर्मपरायणता र सदाचारिता हेरेर मानिसहरू यसको अनुयायी बन्नथाले र यहींबाट ब्रोतिस्तान्त समूहको वास्तविक स्थापना भयो । र यिनीहरूको उद्देश्य यो थियो कि बाबाहरू र अस्कफ र पादरीहरू र ईसाईहरूका उच्चवर्गका मानिसहरू जुन अत्याचार र कुकर्म गरिरहेका छन् त्यसलाई रोकुन् । तर यिनीहरूले सशक्त मानिसहरूको विरुद्ध अन्दोलन गरेको कारण सबै सशक्त मानिसहरूले यिनीहरूको अन्दोलनलाई नष्ट पार्ने प्रयासमा जुटे अनि १५४६ ई. मा लोथरको निधन भयो, तर त्यसले आफू पछाडि कैयौं लेख छाडेर गयो जसलेगर्दा यो अन्दोलन समाप्त भएन । अनि यसै आमन्त्रणलाई अल्रोखद होलदरेख जुवेनजलीले पनि अगाडि बढायो, तर यस मान्छेलाई त्यो कष्ट भोग्नु परेन जुन लोथरलाई भोग्नु परेको थियो, किनकि हुकूमतले पनि यसको साथ दियो । अनि यसै आमन्त्रणलाई जोरन कोलफनले पनि प्रचार गर्नथाल्यो, त त्यसलाई पनि कष्ट भोग्नु पऱ्यो, तर १५३५ ई. मा ब्रोतिस्तान्त र काथोलिक बीच सुलह एवं सहमति भयो, र यिनीहरूलाई तीनवटा कनीसा प्रदान गरियो । अनि कलफनले पनि लोथर झैं धेरै पुस्तकहरू लेख्यो । अनि पछि आएर ब्रोतिस्तान्त एउटा ठूलो समूह भयो र समस्त फरान्समा यसैको अधिपत्य कायम भयो । र दोस्रो विश्वयुद्धसम्म यो समूह डिन्मार्क, स्वीजरलैन्ड, आर्डसलैन्ड, फिनलैन्ड... आदिमा फैलियो ।

**यिनीहरूका केही प्रमुख आस्थाहरूको विवरण**

यिनीहरू पनि काथुलिकहरूका ती सबै कुराहरूमाथि आस्था राख्दछन् जसमा काथुलिक समूहको विश्वास छ किनकि यिनी त्यसैबाट टुक्रिएका समूह हुन्, तर दुवैमा केही भिन्नता पनि छ जस मध्ये केही निम्न हुन्:

पवित्र ग्रन्थहरूलाई नै धर्मको मूल आधार मान्नु र जुन कानून र कुराहरू पनि यस विपरीत छन् त्यसलाई अमान्य ठहर गर्नु नै यिनीहरूको प्रमुख आस्था हो ।

यिनीहरू ओल्ड टेस्टामेन्टका ६६ (सफरहरू) अध्यायहरूलाई मान्दछन् र १४ सफरहरूलाई मान्दैनन् भन्छन् कि यी सफरहरू मिथ्या हुन् ।

धर्मगुरु र धर्माचार्य एवं बाबाहरू र अस्कफहरूलाई दोषमुक्त मान्दैनन् । र भन्छन् कि सम्मान र आदरको हकदार मान्छे आफ्नो पदले र अस्तित्वले हुँदैन बरु कर्मले हुन्छ ।

र यिनी भन्छन् कि अल्लाह र मसीह बीच कोही पनि मध्यस्त र माध्यम छैन चाहे त्यो बाबा र अस्कफ नै किन नहोस् ।

र यिनीहरू ईसाईहरूको रहस्यमय कुराहरूमध्ये मात्र दुईमाथि आस्था राख्दछन् एउटा मअ्मूदीयाको रहस्य र दोस्रो रातीको भोजको रहस्य र यसमा पनि मसीहको उपस्थितिको तरिकामा विवाद छ । र यिनीहरूको कथन अनुसार व्रत बस्नु सुन्नत हो अनिवार्य होइन । र यिनीहरू रोहबानीयतलाई (साधुपनालाई) अस्वीकृत गर्छन् । र चर्चमा फोटो र चित्र लगाएर त्यसलाई ढोग गर्नुलाई अवैध मान्दछन् ... र यसजस्ता अरु आस्थाहरू छन् जुन यिनीहरूलाई अरु ईसाईहरूबाट भिन्न गर्छन् ।

**यिनीहरूको आस्थाको मूल स्रोत निम्न हुन:**

पवित्र ग्रन्थ, बहुदेववादी धर्महरू, वर्तमानको नौलो फलसफाहरू, सहयूनी र तलमूदी धारणाहरू । (अल् इत्तेजाहातुल् फिक्रिया अल् मुआसेरह लेखक: जुमआ खौली, मा हियन्नसरानीया लेखक: मुहम्मद तकी उसमानी अल् मौसूअतुल् मुयस्सरह लिश्शबाबिल् इस्लामी, मफाहीमुल् हुर्रिया वततबीकातुहा लेखक: अब्दुल् अजीज अल् हुमैदी, मुस्लेह मारतन् लोथर लेखक: हेना जरजीस अल् खुजरी, अस्सहयूनीयतुल् मसीहीया लेखक: मुहम्मद सम्माक )

यी तीनवटा ईसाईहहरूका प्रमुख समूहहरू हुन् र यिनी बाहेक अरु ससाना ग्रुपहरू यिनैबाट निस्केका छन् र केही त बिल्कुलै नयाँ छन् जसरी मोरमोन जुनकि वास्तवमा यहूदी समूह हो जुन सबैलाई ओल्ड टेस्टामेन्टमा विश्वास राख्नुतर्फ आह्वान गर्छन्, त केही काथुलिक र ब्रोतिस्तान्त एवं अर्थोडक्सबाट निस्केका छन् जसरी जुजवीत र मारुनीया ... आदि ।

# समस्त ईसाईहरूको सर्वसहमतीय आस्थाहरूको वर्णन

□ सबै ईसाईहरूको यो आस्था छ कि जब हजरत आदमले त्रुटि गरे र अल्लाहले रोकेको रुखबाट खाइहाले त उहाँको यस त्रुटिको क्षमायाचना उहाँको समस्त सन्ततिमाथि अनिवार्य भयो, त त्यसै प्रयाश्चितलाई पूर्ण गर्नुको उद्देश्यले अल्लाहले ईसा मसीहको रूप धारण गरी यस संसारमा प्रस्थान गऱ्यो र सबैको तर्फबाट सुलीमा चढी सबैलाई यस अभिशापबाट मुक्त गऱ्यो ।

□ मसीहलाई अल्लाहको पुत्र मान्नु र सलीबलाई सम्मान दिनु र त्यसलाई चिन्हको लागि घाँटीमा झुन्डियाउनु ।

□ यिनी सबैको यो आस्था छ कि अल्लाह तीन तथ्यको मिश्रण हो अर्थात पिता, रुहुल् कुदस, र पुत्र यी तिनवटै मिलेर पूज्य हुन्छ ।

□ यिनीहरू वैध अवैध गर्ने अधिकार बाबा र पादरीहरूलाई दिएका छन्, र यो आस्था राख्दछन् कि बिना बाबा हाम्रो याचना सुनिदैन ।

□ ओल्ड टेस्टामेन्ट र न्यू टेस्टामेन्ट माथि आस्था राख्दछन् जबकि ओल्ड टेस्टामेन्ट यहूदीहरूको किताब हो जसलाई उनीहरूले परिवर्तित गरिसकेका छन् र न्यू टेस्टामेन्टलाई स्वयम् यिनीहरूले नै परिवर्तित गरेका छन् र यसमा मात्र चारवटा इन्जीलहरू छन् अर्थात इन्जील मत्ता, इन्जील लुका, इन्जील युहन्ना, इन्जील मुरकुस । र जति इन्जीलहरू थिए ती समस्तलाई यिनीहरूले जलाइदिएका छन्, तर एउटा इन्जील अहिलेसम्म बाँकी छ जसलाई यिनीहरू जलाउन सकेका थिएनन् र त्यो हो इन्जील बरनाबा, जुन कि उपरोक्तका समस्त चारवटै इन्जीलहरूभन्दा बढी विश्वासनीय छ, तर यस इन्जीललाई यिनीहरू ईर्ष्या र हवस पूजाको कारण मान्दैनन् ।

त यो सानो लेखबाट यो प्रष्ट भयो कि ईसाई धर्म परिवर्तित धर्म हो, यसका केही निर्देशन बाहेक समस्तलाई परिवर्तित गरिएको छ, र यस धर्मका धर्मात्माहरूले बौद्ध धर्म र हिन्दू धर्म .. आदिबाट निर्देशनहरू लिएर पवित्र ग्रन्थमा मिसाएका हुन् किनकि यस धर्मका

अधिकांश निर्देशनहरू हिन्दू धर्म र बौद्ध धर्मसित मेल खान्छन् उदाहरणको लागि तपाई पनि केहीलाई हेर्नुहोस् :

## ईसाई र हिन्दूधर्म बीच समान्ता

□ हिन्दूहरू तीनवटा प्रमुख पूज्यहरूमा आस्था राख्दछन् जुन विष्णु, शिवा, र ब्रह्मा हुन् । त नस्रानी (ईसाई) हरू पनि तीन पूज्यहरूमाथि आस्था राख्दछन्, र ती हुन् पिता, पुत्र, र रुहुल् कुदस ।

□ हिन्दूहरूको आस्था छ कि कृष्णा वास्तवमा परम् पूज्य हुन् जुन कृष्णको रूपमा यस धरतीमाथि उद्धारको उद्देश्यले आएका थिए । त ईसाईहरू पनि यो आस्था राख्दछन् कि परम् पूज्य अल्लाह ईसाको रूपमा यस धरतीमा आएका थिए, र सबैको उद्धार गर्ने उद्देश्यले यिनी पनि आएका थिए र यसै कारण सुलीमा झुन्डिएर सबैको उद्धार गरे ।

□ हिन्दूहरूको आस्था छ कि जब कृष्णको जन्म भयो त देवी देवताहरू र स्वर्गदूतहरूले देवकी कृष्णकी आमालाई धन्यवाद र अशीश दिए, र उहाँको गुणगान गर्दै उहाँको सम्मान गरे । (तारीखे हिन्द भाग २)

त ईसाईहरू पनि भन्छन् कि स्वर्गदूतहरू ईसा मसीहकी आमा मरियममाथि शान्ति पठाए र भने पालनकर्ता तिम्रो साथमै छ । ( इन्जील लुका ३ )

□ हिन्दूहरूको आस्था छ कि सबैले कृष्णको जन्मको शुभसमाचार त्यस ताराको माध्यमले पाए जुन आकाशमा अति प्रकाशित भएर जाहेर भयो । त ईसाईहरूको पनि यो आस्था छ कि जब ईसा मसीहको जन्म भयो त उहाँको जन्मस्थलको पत्ता त्यस ताराबाट भयो जुन प्रकाशमान भएर संकेत दियो ।

□ हिन्दूहरूको यो आस्था छ कि जब कृष्णको जन्म भयो तब धरतीले गुणगान गर्नथाल्यो, र चन्द्रले आफ्नो प्रकाशबाट सबैलाई प्रकाशित गर्न थाल्यो र स्वर्गदूतहरूले प्रसन्नताले नाच्नथाले र बादलले मधुर संगीत छेड्यो ।

त ईसाईहरूको पनि आस्था छ कि जब ईसा मसीहको जन्म भयो त फरिश्ताहरू अति प्रसन्न भए, र बादलले मधुर संगीतको राग छेड्यो ।

□ हिन्दूहरूको आस्था छ कि कृष्ण शाही परिवारबाट थिए तर उहाँको जन्म एउटा गुफामा नितांत गरिबीको अवस्थामा भयो ।
त ईसाईहरूको पनि आस्था छ कि ईसा मसीह पनि शाही परिवारबाट थिए, तर उहाँको एउटा गुफामा गरिबी र असहायताको अवस्थामा जन्म भयो ।

□ हिन्दूहरूको आस्था छ कि जब कृष्णको जन्म भयो तब उहाँको आमा देवकीको अनुहार प्रकाशमान भयो, र गुफा प्रकाशले प्रकाशित भयो ।
त ईसाईहरू पनि भन्छन् कि जब ईसा मसीहको जन्म भयो, त उहाँको आमा मरियमको अनुहारको प्रकाशले गुफालाई प्रकाशित गऱ्यो ।

□ हिन्दूहरू भन्छन् कि जब कृष्णको जन्म भयो त उहाँकी आमा देवकी त्यस शिशुको परिणामलाई सम्झी विलाप गर्न थालिन्, त कृष्ण तुरुन्तै बोल्न थाले, र आमालाई आफ्नो कुराले सन्तुष्ट पारे । त ईसाईहरू पनि भन्छन् कि जब ईसा मसीहको जन्म भयो त उहाँकी आमा मरियम उहाँ प्रति चिन्तित भई विलाप गर्नथालिन्, त उहाँले भन्नु भयो म अल्लाहको छोरा हूँ म यस संसारको मुक्तिकर्ता र उद्धारक हूँ, र यसै उद्देश्यले संसारमा आएको छु ।

□ हिन्दूहरू भन्छन् कि गाईले यो थाहा पाइस् कि उहाँ परम् पूज्य हुनुहुन्छ, अनि गाईले उहाँको ढोग गरी ।
त ईसाईहरू पनि भन्छन् कि जनावरहरू र तिनका गोठालाहरूले उहाँको वास्तविकता जानेर ढोग गरे ।

□ हिन्दूहरूको आस्था छ कि सबै मानवलाई यो थाहा भइहाल्यो कि उहाँ परम् पूज्य हुनुहुन्छ, अनि उहाँलाई सबैले सन्दल र सुगन्ध अर्पित गरे ।

त ईसाईहरूको पनि यो आस्था छ कि सबै मान्छेहरूले ईसा मसीहको परम् पूज्य हुने कुरालाई स्वीकारे, र उहाँलाई सुगन्ध आदि अर्पित गरे ।

 हिन्दूहरूको आस्था छ कि जब राजालाई यो शिशु जुनकि चमत्कारी र उपास्य थियो, त्यसको जन्मको खबर मिल्यो त त्यसले समस्त जन्मिने शिशुहरूको बध गर्ने आदेश गऱ्यो जुन त्यस रात्री जन्मेका थिए । त ईसाहिरूको पनि कथन छ कि जब ईसा मसीहको जन्म भयो जुनकि चमत्कारी र परम् पूज्य थिए त जब राजालाई यस शिशुको जन्मको खबर मिल्यो त राजाले समस्त ती शिशुहरूलाई बध गर्ने आदेश गऱ्यो जुन त्यस रात्री जन्मेका थिए ।

 जस नगरमा कृष्णको जन्म भयो त्यसको नाम मथुरा हो जसलाई आदरणीय र सम्मानित स्थल मानिन्छ । त ईसाईहरू पनि भन्छन् कि जुन नगरतर्फ ईसा मसीहले प्रवास गरेका थिए त्यो नगर अति आदरणीय र सम्मानित स्थल हो ।

 हिन्दूहरू भन्छन् कि कृष्णभन्दा अघि श्री रामको जन्म भएको थियो जुन कृष्णको आगमनको शुभ सूचक थिए, र कंसले कृष्णलाई मार्ने प्रयत्न गरेको थियो । त ईसाईहरू पनि भन्छन् कि ईसाको आगमन अघि युहन्ना उहाँको शुभ सूचकको रूपमा आए, र ईसालाई हरदोस राजाले मार्ने प्रयत्न गऱ्यो ।

 हिन्दूहरूको आस्था छ कि कृष्ण आफ्नो शरीरसहीत आकाशमाथि जानु भयो । त ईसाईहरू पनि भन्छन् कि ईसा मसीह आफ्नो शरीरसमेत आकाशमाथि जानु भयो ।

 हिन्दूहरू भन्छन् कि कृष्ण नै वास्तविक स्रष्टा हुन्, र उनी नभएको भए केही हुँदैनथ्यो । त ईसाईहरू पनि भन्छन् कि सबैको स्रष्टा ईसा मसीह नै हुन् र उनी नभएको भए केही पनि हुँदैनथ्यो ।

 हिन्दू भन्छन् कि कृष्ण आफ्नो विद्यार्थी अर्जुनलाई अति स्नेह गर्थे । त ईसाईहरू पनि भन्छन् कि ईसा मसीह पनि आफ्नो छात्र युहन्नालाई अति स्नेह गर्थे ।

 कृष्णले अर्जुनसित भनेः आफ्नो दोषमा चिन्तित नहोऊ, ममाथि विश्वास राख म तिमीलाई मुक्ति अवश्य प्रदान गर्नेछु । त ईसाले विरामीसित भनेः ममाथि विश्वास राख म नै मुक्ति दिनेवाला हूँ र तिम्रो दोष पाप क्षमा गर्नेवाला हूँ ।

 कृष्णले भने म नै ब्रह्माण्ड र सूर्य चन्द्रको प्रकाश हूँ । त ईसाले पनि भने कि म नै ब्रह्माण्डको प्रकाश हूँ ।

र यस जस्ता अरु धेरै कुरा र आस्थाहरूको विवरण मुकारेनतुल् अदियान नामक पुस्तकमा यी दुवै धर्मका धार्मिक ग्रन्थहरूबाट सन्दर्भ सामग्रीको साथ वर्णन गरिएको छ जस किताबको लेखक मुहम्मद अबू जुहरा हुनुहुन्छ । र उक्त किताबमा यी दुवै धर्मका आस्थाहरूको समानतालाई प्रदर्शित गरिएको छ, र मैले यहाँ सन्दर्भ सामग्रीहरूलाई वर्णन नगर्ने कारण मात्र यो हो कि मैले वर्णन गरेका कुराहरूका सन्दर्भ सैकडौंमा छन् यसले मैले त्यो किताबतर्फ मात्र संकेत गरें जसबाट मैले यस कुरालाई लिएको छु, र यसबारे सन्दर्भ सामग्रीको पुष्टिकरण गर्नु वा अधिक जानकारीको लागि उपरोक्तको किताबको अध्ययन गर्नुहोला ।

# ईसाई र बौद्ध धर्मबीच समानताको एक झलक

 बौद्धधर्मको भनाई छ कि बुद्धको आमा मायाभित्र रुहुल् कुद्सले प्रवेश गरे। त ईसाईहरूको पनि कथन छ कि ईसाको आमा मरियममा पनि रुहुल् कुद्स प्रवेश गरे।

 बौद्धहरूको भनाई छ कि जब बुद्ध आफ्नो आमा मायाको गर्भाशयमा प्रवेश पाए त उहाँको गर्भाशय प्रकाशमान भयो। त ईसाईहरूको पनि भनाई छ कि जब ईसा मसीह आफ्नो आमाको गर्भाशयमा प्रवेश पाए त उहाँको गर्भाशय स्वच्छ पवित्र र प्रकाशमान भयो।

 बौद्धहरू भन्छन् कि बुद्धको जन्म हुनुको एउटा ताराले संकेत गऱ्यो जसलाई उनीहरू बुद्ध ताराको नामले सम्बोधन गर्छन्। त ईसाईहरू पनि भन्छन् कि ईसा मसीहको जन्मको संकेत एउटा ताराले गऱ्यो जसलाई यिनीहरू मसीही तारा भन्छन्।

 बौद्धहरूको भनाई छ कि एक दिन बुद्ध मन्दिरमा प्रवेश गरे त समस्त मूर्तिहरूले उहाँको ढोग गरे। त ईसाईहरूको पनि भनाई छ कि एक दिन ईसा मसीह प्रतिमाहरूको निकटबाट गुज्रिरहेका थिए त सबै प्रतिमाहरूले उहाँलाई ढोग गरे।

 बौद्धहरूको भनाई छ कि गौतक बुद्ध शाही परिवारका थिए, र उहाँको पिता सिद्धोद्धन राजा थिए र उनको वंश महा समातासंग मिल्छ जुन विश्वको पहिलो राजा थिए। त ईसाईहरूको पनि भनाई छ कि ईसा मसीह शाही परिवारका थिए र उहाँको वंश आदमसित मिल्छ।

 बौद्धहरूको कथन छ कि जब बुद्धले धर्मको प्रचार गर्न आरम्भ गरे त शैतानले उहाँलाई यस कार्यबाट रोक्ने प्रयत्न गऱ्यो। त ईसाईहरू पनि भन्छन् कि जब ईसा मसीहले ईसाइयतको प्रचार आरम्भ गरे त शैतानले उहाँलाई रोक्ने प्रयास गऱ्यो।

 बौद्धहरूको आस्था छ कि जब गौतम बुद्धले आफ्नो कार्य सम्पन्न गरिसके त आफ्नो शरीरसमेत आकाशमाथि गए। त ईसाईहरू

पनि भन्छन् कि जब ईसा मसीह आफ्नो प्रचार र उद्धारको कार्य सम्पन्न गरिसके त आफ्नो शरीर समेत आकाशमाथि गए ।

□ बौद्धहरूको आस्था छ कि गौतम बुद्ध नै अविनाशी परम् पूज्य हुन् । त ईसाईहरूको पनि आस्था छ कि ईसा मसीह नै अविनाशी परम् पूज्य हुन ।

□ बुद्धले भनेकि सुकर्मलाई गोप्य राख र कुकर्मलाई जाहेर गर । त ईसाले पनि भनेका छन् कि सुकर्मलाई गोप्य राखी कुकर्मलाई मात्र जाहेर गर ।

□ बौद्धहरूको धारणा छ कि बुद्ध एक पटक फेरि यस संसारमा आउने छन् । त ईसाईहरूको पनि यो यो धारणा छ कि ईसा मसीह पनि एक पटक फेरि यस संसारमा आउने छन् र सुख शान्तिलाई ल्याउने छन् ।

□ बुद्धको भनाई छ कि सबैसित सुव्यवहार गर । त ईसा मसीहले पनि भनेका छन् कि सुव्यवहारलाई अपनाऊ ।

□ बुद्धले आफ्नो प्रियतम् छात्र आनन्द नन्दासित भने हे आनन्दा मैले जे पनि भनि राखेको छु त्यसमा कुनै सन्देह छैन । त ईसाले भने मैले जुन उपदेश गरिराखेको छु त्यो अकाट्य सत्य हो त्यसमा कुनै सन्देह छैन ।

र यस जस्ता अरु धेरै समानताहरू मुकारेनतुल् अदियान नामक किताबमा एकत्रित गरिएको छ दुवै धर्मका स्वीकृति प्राप्त पुस्तकहरूको माध्यमले, यदि कसैलाई यसबारे अधिक जानकारी चाहियो वा उपरोक्तका कुरोहरूलाई पत्तयाउने आकांक्षा होस् भने मैले वर्णन गरेको किताबमा हेरोस्  जस किताबको लेखक मुहम्मद अबू जोहरा ज्यू हुनुहुन्छ, र यो किताब मिस्रबाट सन् १९९१ ई. मा प्रकाशित भएको छ ।

यो सानो लेखबाट हामी समक्ष यो प्रष्ट भयो कि ईसाईहरू आफ्नो सत्य र असल धर्मलाई गुमाएर यताउताबाट खींचतान गरेर एउटा मिथ्या धर्म तयार पारे, र यसमा जुन अलिकति सत्य कुराहरू बाँकी छन् त्यसलाई पनि मान्दैनन्, बरु त्यसको इन्कार गर्छन्, जसरी

यिनीहरूको किताबमा उल्लेख छ कि ईसाले भनेः “जसले मलाई पठाएको छ त्यो नै मात्र सत्य हो, र म केवल त्यही वर्णन गर्दछु जुन त्यो मलाई बताउँछ” । ( इनजील युहन्ना ८/२६ )

र आर्को ठाउँमा वर्णन छ ईसा मसीहले भनेः “मलाई यो शक्ति प्राप्त छैन कि म आफ्नोतर्फबाट कुनै निर्देशन देऊँ” । ( इन्जील युहन्ना ५/३० )

र आर्को ठाउँमा वर्णित छ कि ईसाले भनेः “के तिमीहरू हेर्दैनौं कि आकाश खोलिएको छ र एउटा मनुष्यमाथि फरिश्ताहरू अवतरित हुँदैछन्” । ( इन्जील युहन्ना १/५१ )

र आर्को ठाउँमा वर्णित छ कि ईसा मसीहले भनेः “तिमीहरू कसरी आस्थावान हुन्सक्दछौ जबकि तिमीहरू आफू मध्येका मानिसहरूको त सम्मान र आदर गर्दछौ तर त्यस एउटा परम् पूज्यको सम्मान गर्दैनौं जुन एकलो छ” । ( इन्जील युहन्ना ५/४४ )

त प्रस्तुत श्लोकहरूबाट यो प्रष्ट छ कि परम् पूज्य एउटै छ तीन छैन, र ईसा मसीह सन्देष्टा थिए उपास्य थिएनन्, जस्तोकि अल्लाहले आफ्नो अन्तिम ग्रन्थ कुरआनमा भनेको छ :

﴿يَٰٓأَهۡلَ ٱلۡكِتَٰبِ لَا تَغۡلُواْ فِي دِينِكُمۡ وَلَا تَقُولُواْ عَلَى ٱللَّهِ إِلَّا ٱلۡحَقَّۚ إِنَّمَا ٱلۡمَسِيحُ عِيسَى ٱبۡنُ مَرۡيَمَ رَسُولُ ٱللَّهِ وَكَلِمَتُهُۥٓ أَلۡقَىٰهَآ إِلَىٰ مَرۡيَمَ وَرُوحٞ مِّنۡهُۖ فَـَٔامِنُواْ بِٱللَّهِ وَرُسُلِهِۦۖ وَلَا تَقُولُواْ ثَلَٰثَةٌۚ ٱنتَهُواْ خَيۡرٗا لَّكُمۡۚ إِنَّمَا ٱللَّهُ إِلَٰهٞ وَٰحِدٞۖ سُبۡحَٰنَهُۥٓ أَن يَكُونَ لَهُۥ وَلَدٞۘ لَّهُۥ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلۡأَرۡضِۗ وَكَفَىٰ بِٱللَّهِ وَكِيلٗا ١٧١﴾ النساء: ١٧١

अर्थ : हे अहले किताब ! (यहूदी-ईसाई) आफ्नो धर्मको सीमोल्लङ्घन नगर र अल्लाहको बारेमा सत्य बाहेक अरु केही न भन । मरियमका छोरा ईसा मसीह (अलैहिस्सलाम) (न त अल्लाह थिए न अल्लाहका छोरा बरु) अल्लाहका रसूलमात्र र उसको पवित्र सन्देशवाहक मात्र थिए, जो अल्लाहको वाणीबाट पैदा भए जसलाई

अल्लाहले मरियमलाई प्रदान गरेको थियो र उसको तर्फबाट पठाईएका एउटा रूह (आत्मा) थिए, तसर्थ तिमीहरूले अल्लाह र उसका सबै रसूलहरूमाथि आस्था राख र न भन कि अल्लाह तीन वटा छन् र यो धारणाबाट टाढा रह किनकी तिम्रो निम्ति यही नै राम्रो छ । अल्लाह एउटै मात्र पूजनीय छ र यो कुरासँग उसको कुनै सम्बन्ध छैन कि उसका सन्तान छन् । जे जति आकाशहरूमा र जमिनमा छन् सबै उसैका हुन् र अल्लाह नै संरक्षक स्वरूप प्रयाप्त छ । ( सूरतुन् निसा १७१ )

र अल्लाह प्रलयको दिन ईसा मसीहसित यो प्रश्न गर्नेछ कि के तिमीले आफूलाई पूज्य घोषित गरेका थियौ जस्तो कि यसको वर्णन कुरआनमा यसरी आएको छ :

﴿ وَإِذۡ قَالَ ٱللَّهُ يَٰعِيسَى ٱبۡنَ مَرۡيَمَ ءَأَنتَ قُلۡتَ لِلنَّاسِ ٱتَّخِذُونِي وَأُمِّيَ إِلَٰهَيۡنِ مِن دُونِ ٱللَّهِۖ قَالَ سُبۡحَٰنَكَ مَا يَكُونُ لِيٓ أَنۡ أَقُولَ مَا لَيۡسَ لِي بِحَقٍّۚ إِن كُنتُ قُلۡتُهُۥ فَقَدۡ عَلِمۡتَهُۥۚ تَعۡلَمُ مَا فِي نَفۡسِي وَلَآ أَعۡلَمُ مَا فِي نَفۡسِكَۚ إِنَّكَ أَنتَ عَلَّٰمُ ٱلۡغُيُوبِ ١١٦ مَا قُلۡتُ لَهُمۡ إِلَّا مَآ أَمَرۡتَنِي بِهِۦٓ أَنِ ٱعۡبُدُواْ ٱللَّهَ رَبِّي وَرَبَّكُمۡۚ وَكُنتُ عَلَيۡهِمۡ شَهِيدٗا مَّا دُمۡتُ فِيهِمۡۖ فَلَمَّا تَوَفَّيۡتَنِي كُنتَ أَنتَ ٱلرَّقِيبَ عَلَيۡهِمۡۚ وَأَنتَ عَلَىٰ كُلِّ شَيۡءٖ شَهِيدٌ ١١٧ ﴾ المائدة: ١١٦ - ١١٧

अर्थ : र त्यो समय पनि वर्णन योग्य छ जब अल्लाहले भन्ने छः हे ईसा बिन मरियम ! के तिमीले मानिसहरूसित भनेका थियौ कि अल्लाह बाहेक मलाई र मेरी आमालाई पूज्य बनाइहाल ? ईसा ( अलैहिस्सलाम)ले भन्ने छन् कि तिमी पवित्र छौ, मलाई त्यो कुरा भन्न उचित कसरी हुन सक्दथ्यौ जुन कुराको मलाई अधिकार नै थिएन ? मैले त्यसो भनेको भए तिमीलाई थाहा होला, (किनभने) जुन कुरा मेरो मनमा छ त्यो पनि तिमीलाई थाहा छ र जुन कुरो तिम्रो मनमा छ त्यो मलाई थाहा छैन । निःसन्देह तिमी सबै गुप्त कुराको ज्ञाता हौ । मैले त

तिनीहरूसित अरु केही पनि भनेको होइन तर त्यो बाहेक जुनकि तिमीले मलाई भन्न आदेश गऱ्यौ, यो कि तिमीहरूले अल्लाहको उपासना गर, जो मेरो र तिम्रो सबैको पालनकर्ता हो र जबसम्म म तिनीहरूको बीचमा थिएँ, तिनीहरूको अवस्थाको साक्षी थिएँ । फेरि जब तिमीले मलाई उठाइहाल्यौ तब तिमी नै तिनीहरूको संरक्षक भयौ र तिमी प्रत्येक कुराको ज्ञाता हौ । ( सूरतुल् माइदः ११६,११७ )

र यस्तै यिनीहरूको धर्मग्रन्थमा अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको शुभ आगमनको पनि सुसमाचार र भविष्यवाँणी मिल्छ जस्तो कि अरु हिन्दू बौद्ध र आदि धर्महरूमा मिल्दछ, उदाहरणको लागि हेर्नुस् !

ईसा मसीहले भनेः "यदि तिमीहरू मलाई प्रेम गर्दछौ भने तिमीहरूको प्रेमको निष्ठा तिमीहरूको कर्मले स्पष्ट हुनेछ, र म अल्लाहसित यो प्रार्थना गर्दछु कि तिमीहरूलाई एउटा आर्को सन्देष्टा पनि प्रदान गरोस्" । ( इन्जील युहन्ना १६/१४,१५ )

र आर्को ठाउँमा ईसा मसीहको भनाई छ : "त्यो (Paraclet) सन्देष्टा जसलाई त्यो प्रतिपालक पठाउने छ त्यो सबै त्यही निर्देशन सुनाउने छ जुन म तिमीहरूलाई सिकाई राखेको छु" । ( इन्जील युहन्ना २६/१४ )

र आर्को ठाउँमा वर्णन छ कि ईसा मसीहले भनेः "त्यो आउनेवाला सन्देष्टा स्वयम् मेरो पुष्टि गर्नेछ" । ( इन्जील युहन्ना २६/१५ )

र ईसा मसीहको आर्को कथन छ : "यदि म जान्न भने त्यो सन्देष्टा कसरी आउँछ, र त्यो जब आउँछ.... त न्यायको अधिपत्य कायम हुनेछ" । ( इन्जील युहन्ना ८/७-१६ )

र आर्को ठाउँमा ईसा मसीहको भनाई छः "जब त्यो आउँछ त पूर्ण सत्यताबाट तिमीहरूलाई अवगत गराउँछ, किनकि त्यो आफ्नो तर्फबाट केही कुरा भन्दैन बरु त्यही भन्नेछ जसको निर्देशन त्यसलाई गरिन्छ, र त्यो मेरो प्रशंसा पनि गर्नेछ" । ( इन्जील युहन्ना १४/१३-१६ )

र यसै कुरालाई पवित्र कुरआनले यसरी वर्णन गरेको छः

﴿ وَإِذْ قَالَ عِيسَى ٱبْنُ مَرْيَمَ يَٰبَنِىٓ إِسْرَٰٓءِيلَ إِنِّى رَسُولُ ٱللَّهِ إِلَيْكُم مُّصَدِّقًا لِّمَا بَيْنَ
يَدَىَّ مِنَ ٱلتَّوْرَىٰةِ وَمُبَشِّرًۢا بِرَسُولٍ يَأْتِى مِنۢ بَعْدِى ٱسْمُهُۥٓ أَحْمَدُ ۖ فَلَمَّا جَآءَهُم بِٱلْبَيِّنَٰتِ قَالُوا۟ هَٰذَا
سِحْرٌ مُّبِينٌ ۝٦ ﴾ الصف: ٦

अर्थ : र जब मरियमको छोरा ईसा (अलैहिस्सलाम)ले भनेः कि हे मेरो क़ौम बनी इस्राईल ! म तिमी सबैको लागि अल्लाहबाट पठाइएको रसूल (सन्देष्टा) हुँ । म भन्दा पहिलेको किताब तौरातको म प्रमाणित गर्नेवाला छु र म पछि आउने एउटा संदेष्टा जसको नाम अहमद हुनेछ, उनको शुभागमनको शुभ-सन्देश सुनाउँछु । अनि जब उनी तिनीहरूको पासमा स्पष्ट निशानीहरू लिएर आए, तब तिनीहरूले भन्न थाले कि यो त स्पष्ट जादू हो । ( सूरतुस्सफ्फ ६ )

त यिनीहरूको इन्जीलहरूमा पनि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको आगमनको भविष्यवाँणी छ बरु इन्जील बरनाबामा त मुहम्मदको नाम समेतलाई प्रष्ट पारिएको छ हेर्नुस्: “र यो यसरी नै बाँकी रहनेछ यहाँसम्म कि अल्लाहको सन्देष्टा अहमद आउनेछन्” । ( इन्जील बरनाबा अध्याय २२० )

तर यसलाई यी मूर्खहरू मान्दैनन् र अन्तिम सन्देष्टा मुहम्मद जिनको आर्को नाम अहमद पनि थियो तिनमा विश्वास राख्दैनन् । त वास्तवमा यहूदी र ईसाईहरू एउटै खोपाका दुई प्रकाश हुन् । यहूदीहरू ज्ञान भए पनि असल कार्य गर्दैनन्, र सत्यलाई स्वीकार गर्दैनन् जस्तोकि यिनीहरू हजरत मूसाको जीवनमा नै यो भन्थे कि हामीले निर्देशनलाई सुन्यौं र बुझ्यौं तर त्यसलाई मान्दैनौं । त दोस्रोतर्फ ईसाई छन् जुन सत्यलाई गुमाई अन्धकारमा भ्रमित भई हिंडिराखेका छन् । त एउटा उत्पाती आर्को पथभ्रष्ट र दुवै एउटै वंश इस्राईलका सन्तति हुन् ।

तसर्थ हे भाई ! यिनीहरूको फकाईमा नआउनुहोला यिनीहरू आफै पथविचलित छन्, अरुलाई कसरी पथप्रदर्शन गर्छन् । बरु त्यस सन्देष्टाको अनुयायी बन जसको सत्यताको साक्ष्य सबै दिइरहेका छन् ।

अर्थात मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुयायी बनी इस्लाम धर्मलाई स्वीकार गर र लोक परलोकमा सफल होऊ ।

यो इस्लामधर्म एकेश्वरवादतर्फ आह्वान गर्छ र सत्कर्मतर्फ आमन्त्रित गर्छ, र सबै अमानवीय कुराहरूबाट टाढा रहनुको आदेश सुनाउँछ, र यो धर्म र यसको ग्रन्थ कुनै अवस्थामा पनि परिवर्तित हुन्सक्दैन किनकि यसको सुरक्षाको जिन्नेवारी परम् पूज्य अल्लाहले आफै लिएका छन् जस्तोकि कुरआनमा अल्लाहको फर्मान छ :

﴿ إِنَّا نَحْنُ نَزَّلْنَا ٱلذِّكْرَ وَإِنَّا لَهُۥ لَحَٰفِظُونَ ﴿٩﴾ ﴾ الحجر: ٩

अर्थ : (निःसन्देह) हामीले नै कुरआनलाई उतारेका छौं र हामी नै यसको संरक्षक हौं । ( सूरतुल् हिज्र ९ )

र कसैले यसलाई परिवर्तित गर्ने प्रयास पनि गरोस् जसरी कि विगतमा यस्ता प्रयासहरू गरिएका छन् तै पनि परिवर्तित गर्नसक्दैन, किनकि यसको भाषाशैली यस्तो छ कि कुनै पनि मनुष्य त्यस्तो उच्चकोटिको भाषाशैली ल्याउनुमाथि सूक्ष्म छैन जस्तोकि पवित्र कुरआनले समस्त सृष्टिलाई हाँक दिदै भनेको छ :

﴿ وَإِن كُنتُمْ فِى رَيْبٍ مِّمَّا نَزَّلْنَا عَلَىٰ عَبْدِنَا فَأْتُوا۟ بِسُورَةٍ مِّن مِّثْلِهِۦ
وَٱدْعُوا۟ شُهَدَآءَكُم مِّن دُونِ ٱللَّهِ إِن كُنتُمْ صَٰدِقِينَ ﴿٢٣﴾ فَإِن لَّمْ تَفْعَلُوا۟
وَلَن تَفْعَلُوا۟ فَٱتَّقُوا۟ ٱلنَّارَ ٱلَّتِى وَقُودُهَا ٱلنَّاسُ وَٱلْحِجَارَةُ ۖ أُعِدَّتْ لِلْكَٰفِرِينَ ﴿٢٤﴾
﴾ البقرة: ٢٣ - ٢٤

अर्थ : हामीले आफ्ना सेवकमाथि जे उतार्‍यौं, त्यसमा तिमीलाई यदि शंका छ र तिमी साँचो भए त्यस्तै एउटै (सूरह) बनाएर देखाऊ, र तिमीले अल्लाह बाहेकका आफूलाई मद्दत गर्नेहरूलाई बोलाई ल्याऊ । तर यदि तिमी गर्न सकेनौं भने र तिमी कहिल्यै पनि गर्न सक्दैनौं ( तसर्थ) त्यस आगोसंग डराऊ जसको इन्धन मानिस र ढुङ्गाहरू हुन् । जुन नास्तिकहरूका लागि तयार गरिएको हो । ( सूरतुल् बकरः २३,२४ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ أَمْ يَقُولُونَ ٱفْتَرَىٰهُ ۖ قُلْ فَأْتُوا۟ بِسُورَةٍ مِّثْلِهِۦ وَٱدْعُوا۟ مَنِ ٱسْتَطَعْتُم مِّن دُونِ ٱللَّهِ إِن كُنتُمْ صَٰدِقِينَ ﴿٣٨﴾ ﴾ يونس: ٣٨

अर्थ : के यिनीहरूले यो भन्दछन्: सन्देष्टाले त्यसलाई आफ्नो तर्फबाट रचेका हुन् । भनिदिनुस् कि यदि साँचो हौ भने तिमीले पनि यस्तै प्रकारको एक सूरः बनाएर ल्याऊ र अल्लाह बाहेक जसलाई तिमी बोलाउन सक्छौ बोलाइहाल यदि तिमी साँचो छौ । ( सूरतु यूनुस ३८ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ قُل لَّئِنِ ٱجْتَمَعَتِ ٱلْإِنسُ وَٱلْجِنُّ عَلَىٰٓ أَن يَأْتُوا۟ بِمِثْلِ هَٰذَا ٱلْقُرْءَانِ لَا يَأْتُونَ بِمِثْلِهِۦ وَلَوْ كَانَ بَعْضُهُمْ لِبَعْضٍ ظَهِيرًا ﴿٨٨﴾ ﴾ الإسراء: ٨٨

अर्थ : भनिदिनुस् कि यदि सबै मानिसहरू र सबै जिन्नहरू मिलेर यस कुरआन जस्तो ल्याउन चाहे पनि यस कुरआन जस्तो बनाई ल्याउन असम्भव छ । यद्यपि तिनीहरू एक अर्काको मद्दतगार र सहायक किन नबनुन् । ( सूरतुल् इस्रा ८८ )

त हे भाई ! त्यस ग्रन्थको अनुशरण गर जुन परिवर्तित हुनै सक्दैन नकि त्यस ग्रन्थको अनुशरण गर जुन परिवर्तित भइसकेको छ । र इस्लामको बारेमा अधिक ज्ञान र जानकारीको लागि मेरो लेख **“इस्लाम विश्वव्यापी धर्म**” र **“को हो सत्य ईश्वर**” र “ **अनुशरण किन? र कसको** ?” र “ **मृत्यु जीवन र ब्रह्माण्डको अदभुत सत्यता**” को अध्ययन गर्नुहोस् जुन विश्वको कुनै पनि ठाउँमा पनि इस्लाम हाउस डाटकाम (islamhouse.com) मा उपलब्ध छ ।

# समाप्ति

त हे प्रिय पाठकहरू ! यो हो अति संक्षेपमा ईसाई धर्म र ईसाईहरूको वास्तविक सत्यता ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई सही ज्ञान र समझ् प्रदान गरी सन्देष्टाहरूको सत्य उत्तराधिकारी बनाओस् । र विन्ती छ कि हामीलाई कुरआन र हदीसको प्रकाशमा जीवन व्यतीत गर्ने सुअवसर प्रदान गरोस्, र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरोस्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरोस् । र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा निःसंतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौं त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई र समस्त आस्थावानहरूलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची



| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | परिचय | **5** |
| 3 | ईसाईहरूका केही प्रमुख समूहहरूको वर्णन | **24** |
| 4 | अरथोडक्स | **24** |
| 5 | काथुलिक | **26** |
| 6 | ब्रोतिस्तान्त | **28** |
| 7 | समस्त ईसाईहरुको सहमतीय आस्थाको वर्णन | **31** |
| 8 | ईसाई र हिन्दूधर्म बीच समानता | **32** |
| 9 | ईसाई र बौद्धधर्म बीच समानताको झलक | **36** |
| 10 | समाप्ति | **44** |

IslamHouse.com